भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.

च्याम्हासिंह, भक्तपुर–९, फोन नं. ६६१४६८६

एकदिने दही/पनिर बनाउने तालिम

तालिम कार्यक्रम

सुरू मिति : २०८३ मङ्सिर ५ गते, शनिबार
समय : बिहान १०:०० बजेदेखि
स्थान : संस्थाको तालिम हल
सहभागी सङ्ख्या : २५ जना मात्र
दर्ता शुल्क : ४०० ।- (प्रतिव्यक्ति)
अन्तिम दर्ता मिति : २०८३ मङ्सिर ४ गतेसम्म
पुनश्च : *पहिला आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।*

आयोजक
कृषि उपसमिति

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.ह.का.द.नं. २/०७०/७१

मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं

- सामाजिक सञ्जालमा जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने तथा भ्रम सिर्जना गर्ने कार्य नगरौं ,
- राष्ट्रिय सुरक्षा र एकतामा आँच नपुऱ्याऔं,



- कसैको प्रतिष्ठा, मर्यादा र आत्मासम्मानमा ठेस नपुऱ्याऔं,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना नगरौं,
- शान्ति सुरक्षामा खलल पार्ने एवम् प्रचलित कानूनले रोक लगाएका सामग्रीहरु पोष्ट, शेयर, दयाग, ह्यासट्याग, जस्ता कार्यहरु कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : २९५ ★ ने. सं. ११४७ कछला थ्व, पञ्चमी ★ शनिबार ★ २८ कार्तिक, २०८३ ★ November 14, 2026, Saturday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

समाज रूपान्तरणका लागि आन्दोलन र सङ्घर्षबारे नयाँ पुस्तालाई जानकारी गराउनुपर्नेमा जोड



भक्तपुर, २७ कार्तिक । नेपाल कर्मचारी समाज इन्जिनियरिङ कलेज एकाइ समितिको आयोजनामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक राजनीतिक विषयमा प्रवचन कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले भक्तपुरको विकासलाई बुझ्न भक्तपुरको विगतबारे जानकारी लिन आवश्यक रहेको बताउनुभयो । नयाँ पुस्तालाई भक्तपुरको इतिहास, यहाँका अग्रजहरूले गरेका सङ्घर्ष र योगदानबारे जानकारी गराउनुपर्ने उहाँको भनाइ थियो ।

भक्तपुरमा किसानहरूको बाहुल्यता रहेकोले यहाँको विकास प्रक्रिया केही ढिलो भए पनि उल्लेखनीय प्रगति भएको उहाँले बताउनुभयो । भक्तपुरका जनता राजनीतिक रूपमा सचेत रहेको उल्लेख गर्दै यहाँ कम्युनिस्ट विचार र गतिविधि सफल हुनुमा जनताको भूमिका स्मरणीय रहेको धारणा राख्नुभयो ।

अहिलेको पुस्ताले विगतका सङ्घर्षहरू प्रत्यक्ष रूपमा नदेखेको बताउँदै उहाँले समाज रूपान्तरणका लागि अग्रज पुस्ताले गरेका विभिन्न आन्दोलन र सङ्घर्षका गतिविधिबारे नयाँ पुस्तालाई जानकारी गराउनुपर्नेमा जोड दिनुभयो । विगतका सङ्घर्ष, अनुभव र योगदानलाई स्मरण गर्दै त्यसबाट नयाँ पुस्ताले सिक्नुपर्ने उहाँको भनाइ थियो ।

भक्तपुरलाई विश्वविद्यालय सञ्चालनका लागि स्वीकृति दिन सरकारले चासो नदेखाएको उल्लेख गर्दै अध्यक्ष बिजुक्छेंले सस्तो शुल्कमा चिकित्सा शिक्षा प्रदान गर्ने विषयमा सरकारको ध्यान जान नसकेको बताउनुभयो । भक्तपुरमा विश्वविद्यालय सञ्चालनका लागि आवश्यक पूर्वाधार तयार भइसकेको र विश्वविद्यालय सञ्चालन गर्नसक्ने अवस्था रहेको उहाँको भनाइ थियो ।

भक्तपुरलाई विश्वविद्यालय दिनुपर्छ भन्ने सबैको मत हुँदाहुँदै स्वीकृति नदिनु पूर्वाग्रही सोच भएको उहाँले बताउनुभयो । भक्तपुरका शैक्षिक संस्थाहरूमा बन्द र हडताल नहुनु यहाँको सकारात्मक पक्ष भएको उल्लेख गर्दै उहाँले आफूहरूले गरेको काम खेर नजाने विश्वास व्यक्त गर्नुभयो । निरन्तर जनताको सेवा गर्ने भावना राखेर अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख तथा कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले ख्वप सर्कलअन्तर्गतका कलेजहरू स्थापना गर्न यहाँका अग्रजहरूले पुऱ्याउनुभएको योगदान स्मरणीय रहेको बताउनुभयो । उहाँले कर्मचारीहरूले आफ्नो जिम्मेवारी र कर्तव्य पालनामा विशेष जोड दिनुपर्ने उल्लेख गर्दै आफूले जानकारी पाएका सूचना सम्बन्धित निकायमा समयमै पुऱ्याउनु पनि कर्मचारीको दायित्व भएको बताउनुभयो ।

भदौ २३ र २४ गतेका घटनालाई स्मरण गर्दै उहाँले भक्तपुरका जनता राजनीतिक रूपमा सचेत भएकै कारण घटनाको असर यहाँ कम परेको धारणा राख्नुभयो । भक्तपुरको शैक्षिक क्षेत्रको विकासका लागि एउटा युग नै बितिसकेको उल्लेख गर्दै उहाँले शिक्षामा देखिने गरी सकारात्मक परिवर्तन हुनु सुखद पक्ष भएको बताउनुभयो ।

उहाँले नगरपालिकाले महिनामा दुई दिन जनप्रतिनिधि तथा कर्मचारीहरूलाई सरसफाइ कार्यमा सहभागी गराउँदै आएको उल्लेख गर्दै यसले श्रमदान गर्ने भावना विकास गर्न सहयोग पुगेको बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले इन्जिनियरिङ शिक्षाको क्षेत्रमा ख्वप इन्जिनियरिङ कलेजलाई उत्कृष्ट कलेज बनाउने दिशामा अघि बढिरहेको बताउनुभयो । उहाँले विश्वविद्यालय शिक्षामा हप्तामा दुई दिन बिदा दिने व्यवस्थाले शैक्षिक गतिविधिमा

बाँकी पृष्ठ २ मा

स्पेनका मजदुरहरूद्वारा १४ वर्षपछि राष्ट्रव्यापी हडताल



म्याड्रिड, २७ कार्तिक (टेलिसुर) । उच्च घरभाडा र मूल्य नियन्त्रणको साथै ज्याला वृद्धिको माग गर्दै मध्यावधि चुनावअघि स्पेनका ट्रेड युनियनहरू र टेन्ट समूहहरू एकजुट भएर ५० भन्दा बढी सहरहरूमा एक आम हडतालमा उत्रेका छन् ।

नोभेम्बर ११ र १२, २०२६ मा, स्पेनभरका मजदुरहरू १४ वर्षपछि राष्ट्रव्यापी हडतालमा उत्रे । स्पेनका दुई ठुला श्रम परिसङ्घ, वर्कर्स कमिसन (CCOO) र जनरल युनियन अफ वर्कर्स (UGT), भाडामा लिने संस्थाहरू र साना ट्रेड युनियनहरूद्वारा आह्वान गरिएको, काम रोक २४ घण्टा चल्यो ।

नोभेम्बर १४, २०१२ को विपरीत, राज्यस्तरीय हडताल, जुन मुख्य रूपमा श्रम बजार सुधार र मितव्ययिता उपायहरूमा केन्द्रित थियो, नोभेम्बर ११ को परिचालन जीवनको लागत र किफायती आवासको पहुँचमा केन्द्रित थियो ।

श्रमिक सङ्घको महासचिव पेपे अल्भारेजले भन्नुभयो कि यो सामूहिक मोलतोल सम्झौताहरूमा नियोक्ताहरूलाई मात्र निर्देशित 'एक परम्परागत हडताल' होइन । यसको सट्टा, सङ्घका नेताहरू र नागरिक समाज समूहहरूले क्रयशक्तिमा संरचनात्मक गिरावटको प्रतिक्रियाको रूपमा हडताल सिर्जना गऱ्यो, जहाँ स्थिर ज्यालाले बढ्दो भाडा र आधारभूत उपभोग्य वस्तुहरूसँग तालमेल राख्न असफल भयो ।

म्याड्रिडमा, सरकारी प्रतिनिधिमण्डलको अनुमानअनुसार १२०,००० मानिस मुख्य साँझको प्रदर्शनमा सामेल भए, राष्ट्रव्यापी ५० भन्दा बढी सहरहरूमा मजदुर मार्चहरू भए ।

नोभेम्बर ११ मा एक ऱ्यालीमा बोल्दै, श्रमिक आयोगका महासचिव उनाई सोर्डोले हडतालले "ट्रेड युनियन सङ्गठनहरूको अपेक्षाभन्दा बढी भएको छ" भने, आवास भाडा वृद्धिले स्पेनका २२ मिलियन दर्ता भएका कामदारहरूको जीवनस्तर घटाउने प्राथमिक कारक भएको कुरामा जोड दिनुभयो ।

कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १६९

नेपाल प्रहरी फोर्समा देखिएका समस्या र तीनको समाधानका उपाय देहायबमोजिम सुझाइएको छ :

राष्ट्रिय सुरक्षा नीतिमा स्पष्ट कार्यक्षेत्र परिभाषित गरी सुरक्षा सङ्गठनहरूको कानुनको तर्जुमा, परिमार्जन तथा सोबमोजिम सुरक्षा निकायलाई सञ्चालन र परिचालन गरिनुपर्दछ । नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको सुरक्षासँग सम्बन्धित कतिपय कार्यक्षेत्रहरूमा दोहोरोपन हुने गरेको र एउटै प्रकृतिको काममा दुई सङ्गठनलाई समानान्तर परिचालन गर्दा असमझदारी, गैरव्यवसायिक प्रतिस्पर्धा हुनुका साथै स्पष्ट कमान्डको अभाव देखिएकोले अन्तर निकायगत समन्वय स्थापना हुने गरी स्पष्ट कार्यविभाजन र जिम्मेवारी निर्धारण गर्ने ।

राज्यको आवश्यकता र सुरक्षा प्रभावकारिता अभिवृद्धि गर्ने हेतुले नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल दुबैको पुनःसंरचना गर्नु आवश्यक छ । कार्य विभाजन र कमान्डको व्यवस्था कानुनमै गर्नुपर्ने ।

प्रहरी सेवालाई गुणस्तरीय, व्यवसायिक र विश्वसनीय बनाउन तथा राजनीतिक हस्तक्षेप रोक्न एक स्वतन्त्र सुपरिवेक्षकीय अङ्गको व्यवस्था हुनु सैद्धान्तिक र व्यवहारिक रूपले आवश्यक देखिन्छ ।

प्रहरीले सम्पादन गर्ने अपराध अनुसन्धान, प्रहरी कारबाही र सरुवा बढुवा तथा वृत्ति विकाससँग सम्बन्धित कार्यको सुपरिवेक्षण गर्ने अधिकारीले कानुनबमोजिमबाहेक कुनै आदेश तथा निर्देशन दिन नपाइने/नहुने व्यवस्था गरिनुपर्ने ।

भिड नियन्त्रणमा खटिँदा सशस्त्र र नेपाल प्रहरी एउटै व्यारिकेडमा नभएर अलगअलग परिस्थितिको जिम्मेवार बनाउनु आवश्यक छ ।

आयुक्तीय प्रहरी प्रणाली (Commissionerate police system) को व्यवस्था धेरै जनसङ्ख्या भएका सहरहरूको आफ्नै विशेषता हुन्छन् । ज्यादै जनघनत्वमा रहने विविध प्रकृति र प्रवृत्तिका (Hetergeneus) मानिसहरूको बसोबास गर्ने, बृहद् आर्थिक गतिविधि, महत्त्वपूर्ण व्यक्ति तथा प्रतिष्ठानको सघनता आदि कारणले गर्दा त्यस्ता सहरहरूमा शान्ति सुरक्षा र अपराधको रोकथाम तथा अनुसन्धानमा विशिष्ट चुनौतीहरू रहेका हुन्छन् । ती चुनौतीहरूको सामना गर्न सामान्य प्रहरी परिचालन (General policing) को पद्धतिले कठिनाइ हुने हुनाले ठुलो

बाँकी पृष्ठ २ मा

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

उपस्थितिको लागि अनुरोध

नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष **नारायणमान बिजुक्छेंज्यू**को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८३ कार्तिक १३ देखि १८ गतेसम्म सञ्चालन गर्ने तय गरिएको भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद (टेबुलटेनिस, भलिबल, फूटबल, कबड्डी, खो खो, एथलेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, करौंते, उसु, तेक्वान्डो, जिम्नास्टिक, पोर्टबल, बाघचाल र कसिमला पाँय) प्रतियोगिता प्रतिकूल मौसमका कारण स्थगित गरिएको विद्यालयस्तरीय खेलकुद प्रतियोगिता मिति २०८३ मङ्सिर ३ गतेदेखि ९ गतेसम्म सञ्चालन हुने व्यहोरा जानकारी गराउँदै उक्त प्रतियोगिताको निम्न मिति, समय र स्थानमा हुने ऱ्यालीसहित उद्घाटन कार्यक्रममा सम्पूर्ण नगरवासीहरू, विद्यालयहरू, टिम, क्लब, पुस्तकालय, सङ्घ संस्थालगायत खेलप्रेमीहरूलाई उपस्थितिको लागि अनुरोध गरिन्छ ।

कार्यक्रम

मिति : २०८३ मङ्सिर ३ गते, बिहीबार
ऱ्याली सुरु हुने समय : बिहान ११:०० बजे
स्थान : भ.न.पा. वडा नं. ९ दत्तात्रयबाट गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो, दूधपाटी हुँदै सहिद स्मृति खेल मैदान
उद्घाटन हुने समय : दिनको १२:३० बजे
उद्घाटन हुने स्थान : सहिद स्मृति खेल मैदान, भ.न.पा. २



मकवानपुर जिल्ला थाहा नगरपालिका-९ चित्लाङको हात्तीसार डबलीमा शुक्रबार मध्यरात कतिपुन्हि प्याखँ (कार्तिक नाच) अन्तर्गत विभिन्न देवगण नाच प्रस्तुत गर्दै । यस नाचमा गणेश, भैरव, बाराही, कुमारी, महालक्ष्मीलगायत ९ जना देवगण छन् । नाच बिहीबार रातिदेखि रातभरि शुक्रबार बिहानसम्म देखाइएको थियो । यो कृष्णलीलाअन्तर्गत वानासुर राजाको कथामा आधारित नाच प्रदर्शन गरिएको थियो । *तस्बिर: रत्न श्रेष्ठ/रासस*

विश्वमा साम्राज्यवादविरोधी आन्दोलनको लहर

काठमाडौँ, २७ कार्तिक । विशेषत: अहिले संसारका विभिन्न देशमा साम्राज्यवाद, विस्तारवाद र पुँजीवादको विरोधमा हरेक दिनझैँ जनताले सङ्घर्ष गरिरहेका छन् । अमेरिका, फ्रान्स, बेलायत, भारत, युक्रेनजस्ता देशहरूमा सामन्तवादी, साम्राज्यवादी र पुँजीवादको विरोधमा सडक आन्दोलन भइरहेको हो । साम्राज्यवादी र विस्तारवादी सरकारको आक्रमण, हस्तक्षेप र हुकुमी शैलीको विरोधमा जनता आन्दोलनमा उत्रेका हुन् । संयुक्त राज्य अमेरिकामा पनि ट्रम्प सरकारको विरोधमा देशभर आन्दोलन भएको थियो । अमेरिकी जनताको त्यो आन्दोलन अहिले पनि रोकिएको छैन । राजतन्त्रात्मक देश बेलायतमा पनि कम्युनिस्ट पार्टीको झन्डा बोक्दै जनता सडकमा उत्रे । जेलेन्स्कीको विरोधमा राजधानी क्रिममा हजारौँ युक्रेनी जनता सडकमा उत्रे । फ्रान्समा पनि पुँजीवादको विरोधमा जनता सडकमा उत्रेका थिए । अमेरिकी नाकाबन्दी र हस्तक्षेपको विरोधमा समाजवादी यात्रालाई अझ थप बलियो बनाउन क्युवाली जनता सडकमा उत्रे । फिडेल क्यास्ट्रोको जन्म शताब्दीको अवसरमा क्युवाली सरकारको समर्थनमा विश्वका ४६ भन्दा बढी देशका जनता क्युवाली सडकमा उत्रे । प्रदर्शनकारीहरूले भने, "क्युवा हार मान्दैन; क्युवा एक्लो छैन ।" पुँजीवाद र सामन्तवादको विरोधमा भएको सङ्घर्षको लहरले विश्वमा वामपन्थी या प्रगतिशील पक्षधरका जनता समाजवादको यात्रामा लम्किरहेको अनुभव राजनीतिक विश्लेषकहरूले गर्न थालेका छन् ।

साम्राज्यवादी देशहरू एकातिर शक्तिको आडमा अरु देशको तेलखानी कब्जा गर्दै छन् भने अर्कोतिर आफ्नो प्रभाव फैलाउन आक्रमण गर्दै छन् । साम्राज्यवादी देशहरूको यही आक्रामक शैलीको विरोधमा विश्वका जनता आन्दोलनमा उत्रेका हुन् । इजरायल र संयुक्त राज्य अमेरिका मिलेर इरानमा आक्रमण गर्नुको कारण तेल खानी कब्जामा लिनु नै हो । तेल खानी आफ्नो नियन्त्रणमा लिन अमेरिका र इजरायलले इरानमा आक्रमण मात्र होइन नाकाबन्दी पनि गरे । तर, इरानी सरकार र इरानी जनता साम्राज्यवादी देशको विरोधमा निरन्तर लडिरहे; शक्ति राष्ट्रसामु नझुकिकन अमेरिकी र इजरायली आक्रमणको प्रतिकार गरिरहे ।

अमेरिकाले क्युवा र प्रजग कोरियामा पनि दशकौँदेखि आर्थिक नाकाबन्दी गर्दै छ । उक्त नाकाबन्दी खुला गर्न संसारका अधिकांश देशले मत दिए तर संरा अमेरिकाले त्यो विश्व जनमतलाई लत्याइदियो । संसारका राष्ट्रप्रमुख र जनतासमक्ष ट्रम्प लजित हुन तयार भए तर नाकाबन्दी फुकुवा गर्न अघि बढेनन् । पदको मान मर्यादा, इज्जत, प्रतिष्ठा र नैतिकताको ख्याल नगर्ने शासकहरू बुद्धि र विवेकले होइन बल या शक्तिको भरमा शासन चलाउँछन् र विश्वमा आफ्नो प्रभाव बढाउन आक्रमण, हस्तक्षेप र दबाब दिन पछि पर्दैनन् । अमेरिकाको यस्तै शक्तिको उन्माद र आक्रमणको कारण साम्राज्यवादको विरोधमा संसारका जनता उठेका हुन् । साम्राज्यवादको विरोधमा उठेको संसारभरिको प्रदर्शन र आन्दोलनले साम्राज्यवादी देशहरूको बदनाम मात्र होइन, उनीहरू एक्लिँदै छन् । आन्दोलनको यो लहरले साम्राज्यवाद पतन हुँदै छ भन्ने सङ्केत गरेको छ । अमेरिका विश्वमा एक्लिँदै गएको कारण राष्ट्रपति ट्रम्प इरानसँग वार्ता गर्न तयार भएका हुन् । तर, इरानी सरकारले नाटकीय शैलीमा गर्न लागेको वार्तालाई एकैपटक विश्वास गरेको छैन । यसअघि पनि वार्ता भएको थियो । तर, सहमति भएको मसी सुक्न नपाउँदै वार्ता तोडेर अमेरिकाले इरानमा आक्रमण गऱ्यो । इजरायल र प्यालिस्टिनको युद्धमा पनि अमेरिकी प्रशासनको हात थियो । अमेरिकी सैन्य र हातहतियारको भरमा इजरायलले प्यालिस्टिनमा आक्रमण गरेर देशको एकचौथाइ भाग ध्वस्त बनायो भने ७४ हजार भन्दा बढी जनताको हत्या गऱ्यो । यसरी देश ध्वस्त पार्दै हजारौँ हजार जनताको नरसंहार गर्ने अमेरिकी, इजरायल र युक्रेनका राष्ट्रप्रमुखहरूलाई अन्तर्राष्ट्रिय अदालतमा मुद्दा हालेर जेलमा थुन्नुपर्ने हो ।

अमेरिकी अत्याचारकै कारण विश्वमा पेट्रोलियम पदार्थको मूल्य बढेको हो; त्यसैको कारण महँगी बढेको हो । विश्वका जनता सुरक्षित र शान्तिपूर्वक बाँच्न नपाउनुको कारण अमेरिकी प्रशासन नै हो । आज भोलि अमेरिकी राष्ट्रपति ट्रम्पको नाउँ सुन्नेबित्तिकै विद्यालयका विद्यार्थीदेखि वृद्धवृद्धासमेत आक्रोश पोख्छन् र अमेरिकी प्रशासनको विरोध गर्छन् । संसारभर नै अमेरिकी प्रशासनको अत्याचारको विरोध हुनु; विरोधको लहर गाउँ-ठाउँ पुग्नु सकारात्मक पक्ष हो । साम्राज्यवादविरोधी आन्दोलनका स्वरहरू अझ बस्ती - बस्तीमा पुऱ्याउनुपर्छ । नेमकिपाले सुरुदेखि नै साम्राज्यवादको विरोधमा आन्दोलन थालेको हो । त्यो आन्दोलन नेपालमा मात्र होइन सयौँ मुलुकमा सरेको छ । यसले पाइला पाइला गरेर संसारमा समाजवादी आन्दोलन बढ्ने सङ्केत मिलेको छ । संसारका देशभक्त र कम्युनिस्ट पार्टीप्रति आस्था राख्ने जनताको साम्राज्यवादविरोधी आन्दोलनलाई अझ निरन्तरता दिनु आवश्यक छ । किनभने, शक्तिको भरमा शासन चलाएका साम्राज्यवादी शक्तिहरू फेरि उठेर कुनै पनि स्वाधीन देशमा आक्रमण गर्न सक्छन् ।

आर्थिक गणनामा छ प्रदेशको लगत प्रशोधन सम्पन्न

काठमाडौँ, २७ कार्तिक । राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक गणनाअन्तर्गत छ वटा प्रदेशका व्यावसायिक प्रतिष्ठानको लगत प्रशोधन कार्य सम्पन्न गरेको छ ।

कार्यालयले कोसी, मधेस, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका व्यावसायिक प्रतिष्ठानको तथ्याङ्क प्रशोधन पूरा गरेको हो । बाँकी वाग्मती प्रदेशका प्रतिष्ठानको तथ्याङ्क प्रशोधन कार्य भइरहेको गणना शाखाका निर्देशक डा. वेदप्रसाद ढकालले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रशोधन गरिएका करिब ११ लाख व्यावसायिक प्रतिष्ठानका विवरणमा रहेका त्रुटि, दोहोरिएका विवरण तथा अङ्कगत असङ्गति सच्याएर तथ्याङ्कको गुणस्तर सुनिश्चित गर्ने काम भइरहेको छ ।

आर्थिक गणनामा कूल १३ लाख ६६ हजार व्यावसायिक प्रतिष्ठान समेटिएका थिए । गत वैशाख २ देखि असार ७ गतेसम्म सञ्चालन गरिएको गणनामा सङ्कलित विवरणलाई सही, विश्वसनीय र उपयोगी बनाउन लगत प्रशोधनका विभिन्न चरण पूरा गरिँदै छ ।

प्रतिष्ठानको प्रकृतिअनुसार औद्योगिक, व्यापारिक तथा सेवामूलक क्षेत्रका रूपमा वर्गीकरण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डअनुसार कोडिङ गरिने निर्देशक ढकालले बताउनुभयो ।

कागजी तथा डिजिटल फाराममा सङ्कलित विवरण केन्द्रीकृत सफ्टवेयर वा डेटाबेसमा प्रविष्ट गर्ने काम अन्तिम चरणमा पुगेको छ । हालसम्म करिब सात लाख व्यावसायिक प्रतिष्ठानको विवरण प्रविष्ट गरिएको उहाँले जानकारी दिनुभयो ।

गणनामा व्यावसायिक कृषि, खानी, उत्पादन तथा उद्योग, व्यापार, निजी व्यवसाय, बैङ्क तथा सहकारीलगायत वित्तीय संस्थासम्बन्धी प्रतिष्ठानको विवरण समेटिएको छ ।

तथ्याङ्क प्रविष्टि तथा प्रशोधनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरिएको कार्यालयले जनाएको छ । आर्थिक गणनाको प्रतिवेदन तयार भएपछि देशको आर्थिक विकासमा हुने लगानीले सिर्जना गर्ने रोजगारी, वस्तु उत्पादन तथा समग्र अर्थतन्त्रमा पार्ने प्रभावको विश्लेषण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । ***रासस***

चिसापानीगढीमा भएको दुर्घटनाको अध्ययन गर्न छानबिन समिति गठन

काठमाडौँ, २७ कार्तिक । सरकारले मकवानपुरको भीमफेदी-६ चिसापानीगढीमा बिहीबार भएको सवारी दुर्घटनाको छानबिनका लागि पाँच सदस्यीय छानबिन समिति गठन गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता हेमराज अर्यालले शुक्रबार जारी गर्नुभएको विज्ञप्तिमा मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा छानबिन समिति गठन गरिएको हो । समितिलाई सात दिनभित्र प्रतिवेदन पेस गर्ने जिम्मेवारी दिइएको छ ।

सरकारले उक्त दुर्घटनाप्रति गहिरो दु:ख व्यक्त गर्दै दुर्घटनाको वास्तविक कारण पहिचान गरी आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन आवश्यक सुझावसहितको प्रतिवेदन दिन छानबिन समिति गठन गरिएको जनाएको छ ।

"सरकार दुर्घटनाका पीडित परिवारलाई आवश्यक सहयोग तथा सहजीकरण गर्न प्रतिबद्ध छ । यस दु:खद् घटनामा जीवन गुमाउनुहुने व्यक्तिप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ साथै, उपचाररत घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौँ," विज्ञप्तिमा भनिएको छ ।

काठमाडौँ-सर्लाही रुटमा सञ्चालनमा रहेको मधेस प्रदेश ०३-००१ ज ०८८० नम्बरको सवारीसाधन बिहीबार अनियन्त्रित भई सडकबाट करिब ५०० मिटर तल खस्दा १४ जनाको ज्यान गएको थियो । दुर्घटनामा परी छ जना घाइते भएका थिए । दुर्घटनामा परी ज्यान गुमाउनुहुने यात्रुमध्ये १३ जना सर्लाहीको चक्रघट्टा गाउँपालिका-४, सुन्दरपुरका र एक जना चालक कविलासी नगरपालिकाका बासिन्दा हुनुहुन्छ ।

कार्यालयका अनुसार सरकारले दुर्घटनामा घाइते भएकाहरूको उपचारलाई उच्च प्राथमिकतामा राखेको छ । घाइतेहरूको स्वास्थ्य उपचारमा कुनै कमी हुन नदिन सम्बन्धित अस्पताललाई आवश्यक निर्देशन दिइसकिएको प्रधानमन्त्री कार्यालयको भनाइ छ । घाइतेमध्ये तीन जना उपचारपछि डिस्चार्ज भइसक्नुभएको भने बाँकी तीन जनाको चितवनस्थित मनकामना अस्पताल र ललितपुरस्थित मेडिसिटी अस्पतालमा उपचार भइरहेको कार्यालयले जनाएको छ ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा प्रचलित बीमा कानुनअनुसार घाइतेको उपचार खर्च र मृतकका परिवारले प्राप्त गर्ने क्षतिपूर्ति तथा बीमा रकम यथाशीघ्र उपलब्ध गराउन सम्बन्धित सवारीधनी, यातायात व्यवसायी र बीमा कम्पनीसँग समन्वय गरी आवश्यक प्रक्रिया अघि बढाइएको जनाइएको छ । ***रासस***

कार्की...

जनसङ्ख्या भएका Metropolitan सहरहरूमा र Sub-metropoolitan सहरहरूमा Commissionerate Poplice System राख्ने व्यवस्था विश्वमा बढदै गएको छ । एसियाली देशहरूका ठुला सहरहरूमा विगतदेखि नै Commissionerate Police System लागू भै रहेको छ ।

शान्ति तथा सुरक्षा अपरेसनहरू (Peace and Security operations):

क) एकीकृत सुरक्षा गतिविधिहरू (Integrated operational Activities) : सबै सुरक्षा तथा प्रशासनिक निकायहरूले Integrated Security Plan अनुसार आवश्यक सुरक्षा गतिविधिहरू एकैसाथ समन्वय गर्दै कार्यान्वयन गर्नुपर्छ ।

ख) फौज सुदृढीकरण (Reinforcement) संयन्त्र

फौज-सुदृढीकरण स्पष्ट र कानुनी प्रोटोकलअनुसार हुनुपर्छ । उच्च-तीव्रताका सार्वजनिक सुरक्षा अवस्थाहरूमा Nepal Police लाई स्थिरता दिलाउन सशस्त्र प्रहरी बल (APF) ले संरचित सहयोग उपलब्ध गराउनेछ । अवस्था अत्यन्त विषम भएमा APF लाई थप सुरक्षा क्षमता दिन तथा समग्र कार्यगत नियन्त्रण कायम राख्न नेपाली सेना परिचालित हुनेछ ।

विशेष सुरक्षा तथा संरक्षण विभाग (Special Safety and Security Department) को गठन

क) संयुक्त राष्ट्रसङ्घको Department of Safety and Security मोडेलअनुसार गृहमन्त्रालयअन्तर्गत विशेष सुरक्षा तथा संरक्षण विभाग स्थापना गरी सञ्चालनमा ल्याउनुपर्छ । जसले सिंहदरबार परिसरको भौतिक सुरक्षा तथा संरक्षणलाई सुनिश्चित गर्छ ।

ख) कम्पनी प्लसको नफ्रिमा विशेष फौजहरू नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र नेपाली सेनाबाट नियुक्त गरी पठाइने तथा सुरक्षा विज्ञहरू र विषय विज्ञहरूलाई करार सेवामा रहने गरी विशेष सुरक्षा तथा संरक्षण विभागअन्तर्गत परिचालन र व्यवस्थापन गर्नुपर्छ । यसअन्तर्गत फायर कन्ट्रोल कम्पनी पनि रहनुपर्छ ।

समाज...

असर परेको उल्लेख गर्दै नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको उद्देश्यबारे स्पष्ट हुनुपर्ने धारणा राख्नुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले ख्वपअन्तर्गतका कर्मचारीहरूले नि:स्वार्थ भावनाका साथ सेवाभावले काम गरिरहेको बताउनुभयो ।

कर्मचारीहरू पनि बौद्धिक मजदुर भएको उल्लेख गर्दै समाजले कर्मचारीबाट छुट्टै अपेक्षा राख्ने भएकाले कर्मचारीहरू वैचारिक रूपमा स्पष्ट हुनुपर्ने र सही तथा गलत छुट्याउन सक्ने हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा समाजका अध्यक्ष सिद्धिराम सुवालले स्वागत मन्तव्य राख्दै कर्मचारीहरू बौद्धिक मजदुर भएकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक घटनाक्रम र समसामयिक विषयबारे पर्याप्त जानकारी राख्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा समाजका पुण्यराम स्वंगमिखाले पनि समसामयिक विषयमा आफ्नो धारणा राख्नुभएको थियो ।

सङ्क्षिप्त समाचार

सर्वोच्चमा चार न्यायाधीश नियुक्त

काठमाडौँ, २७ कार्तिक । राष्ट्रपति रामचन्द्र पौडेलले चार जना न्यायाधीशलाई सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त गर्नुभएको छ ।

नेपालको संविधानको धारा १२९ को उपधारा (२) अनुसार न्यायपरिषद्को सिफारिसमा उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशलाई सर्वोच्चको न्यायाधीशमा शुक्रबार नियुक्त गर्नुभएको हो ।

राष्ट्रपतिको कार्यालयका अनुसार डा. रत्नबहादुर बाग्चन्द, चन्द्रबहादुर सारु, जनक पाण्डे र गोकर्ण डाँगीलाई सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त गरिएको हो ।

डा. बाग्चन्द उच्च अदालत पोखराका मुख्य न्यायाधीश हुनुहुन्थ्यो भने न्यायाधीश सारु उच्च अदालत पाटन, न्यायाधीश पाण्डे उच्च अदालत पाटन (हेटौँडा इजलास) र डाँगी उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जका न्यायाधीश हुनुहुन्थ्यो । ***रासस***

नारायणी किनारमा 'दुर्व्यसनी' बढे

नवलपुर (नवलपरासी), २७ कार्तिक । नारायणी नदीकिनारामा लागुऔषधको प्रयोग कर्ता (दुर्व्यसनी) हरू बढेपछि स्थानीयले चिन्ता व्यक्त गरेका छन् ।

पछिल्लो समय पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण बन्दै गएको नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा दुर्व्यसनी बढ्दै गएपछि स्थानीयमा चिन्ता बढेको हो । नारायणी नदीको दृश्यावलोकनका लागि मध्यविन्दु-३ स्थित नारायणी नदीकिनारलाई अन्यत्रबाट आउने व्यक्तिले लागुपदार्थ दुर्व्यसनीको अखडा जमाउँदै गएको स्थानीय भरत श्रेष्ठले बताउनुभयो ।

गाउँ बाहिरका मानिस यहाँ आउने र नदी किनारमा सवारीसाधन पार्किङ गरी किनारमा रहेको खरको झाडीमा गएर गाँजालगायतका लागुऔषध तथा मादक पदार्थ सेवन गर्ने गरेको श्रेष्ठले बताउनुभयो ।

फोहर व्यवस्थापन र लागुपदार्थको दुर्व्यसनीबाट नारायणी हाइटलाई मुक्त पार्न सके भविष्यमा यस स्थान बाह्य पर्यटकको गन्तव्य बन्न सक्ने बताइन्छ । ***रासस***

विपद्मा परेकालाई सघाउन अक्षयकोष

म्यार्दी, २७ कार्तिक । रघुगङ्गा गाउँपालिका-१ बेगका बासिन्दाले रु. एक करोडको आपत्कालीन अक्षयकोष स्थापना गरेका छन् । कोषमा रु. ७० लाख सङ्कलन भएको छ ।

बेगखोला कल्याणकारी समाजका संस्थापक योगकुमार फगामीले विपद् र दुर्घटनामा परेकालाई सघाउन कोष स्थापना गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "दुर्घटनामा घाइते भएका, गर्भवती, बिरामी र विपद्बाट प्रभावितलाई सघाउन कोष स्थापना गरिएको हो । हालसम्म रु. ७० लाख सङ्कलन भएको कोषमा रु. एक करोड पुऱ्याएर मूलधन नमासिने र ब्याज परिचालन गरिनेछ ।" ***रासस***



टनेलमा गरिएको तरकारी खेती

काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-८ स्थित खरिबोटका किसानले टनेलमा गरेको तरकारी खेती । *तस्विर: सनम सुवाल/रासस*

छठ व्रत शुक्रबारदेखि सुरु

- पूर्णप्रसाद मिश्र

काठमाडौँ, २७ कार्तिक । राजधानी काठमाडौँ सहरमा प्रत्येक वर्ष छठ बर्तालुको सङ्ख्या वृद्धि हुँदै गएको छ ।

भगवान् सूर्यदेव र नदीको श्रद्धा भक्तिपूर्वक पूजा, आराधना गरी मनाइने छठ पर्वका लागि बर्तालु राजधानीका छठ घाटमा स्थान खोज्न व्यस्त छन् ।

कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको पर्व राजधानीमै मनाउनेको सङ्ख्या प्रत्येक वर्ष बढ्दै गएको छठ पूजा समिति गुह्येश्वरीले जनाएको छ ।

गौरीघाटबाट गुह्येश्वरीसम्मको वाग्मती नदी किनारमा यस वर्ष ६०० छठ घाटको व्यवस्था गरिएको समितिका अध्यक्ष अनिल सिंहले राससलाई जानकारी दिनुभयो ।

निर्माण गरिएका सबै छठ घाट भाइटीका अघि नै 'बुक' भइसकेको उहाँले बताउनुभयो । गौरीघाटबाट गुह्येश्वरीस्थित अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको कार्यालयअघिका नदी किनारसम्म छठ घाट निर्माण गरिएको छ ।

दुई दशकअघिसम्म राजधानीमा मधेसी समुदायले मात्र छठ व्रत बसी पूजा, आराधना गरेकामा पछिल्लो समय अन्य समुदायको पनि सहभागिता बढ्न थालेको हो । अहिले छठ मनाउनेमध्ये करिब २१ प्रतिशत मधेसी समुदायबाहेक रहेको अभिलेख पनि समितिले राखेको छ ।

छठको व्रत विधि शुक्रबारदेखि सुरु

छठ पर्वका सन्दर्भमा आजैदेखि कार्तिक शुक्ल चतुर्थीका दिन स्नान गरी चोखो खाएर बस्ने गरिन्छ । शुक्रबारदेखि छठ नसकिएसम्म बर्तालुले माछा, मासु, लसुन, कोदो, फापर, मुसुरोआदि नखाने विधि छ । चतुर्थीको कर्मलाई अरबाइन वा अरबा भनिन्छ ।

मनोकाङ्क्षा पूरा हुने विश्वासमा महिलाले छठमा कठोर व्रत गर्छन् । विशेष गरी तराईमा मनाइने मिथिला संस्कृतिमा आधारित छठ पर्व विसं २०४६ पछि काठमाडौँलगायत पहाडमा मनाउन थालिएको हो ।

विसं २०४६ देखि नै सरकारले यस पर्वका दिन सार्वजनिक बिदा दिन थालेको हो । विसं २०६३ पछि भने काठमाडौँको थापाथली, गुह्येश्वरी, गौरीघाट र रानीपोखरीमा पनि विशेष महत्त्वका साथ यो पर्व मनाउने गरिँदै आएको छ ।

रानीपोखरीमा भूकम्पपछिको पुनर्निर्माणसँगै छठ मनाउन बन्द भएको छ । यसअघिदेखि नै वाग्मती र विष्णुमती नदीकिनारमा छठ मनाउने संस्कृति सुरु भएको थियो । कार्तिक शुक्ल पञ्चमीका दिनमा निर्जल उपवास बस्ने गरिन्छ ।

त्यस दिन बेलुकी घरमा खीर बनाई चन्द्रमालाई अर्पण गरी एक छाक खाने गरिन्छ । यसलाई खरना भन्ने गरिएको काठमाडौँमा छठ मनाउँदै आउनुभएका रणेन्द्र कुशवाहाले बताउनुभयो । उहाँले भन्नुभयो, "षष्ठीका दिन बर्तालुले ठेकुवा, फलफूल, मिठाई र रोटी सूर्य एवं छठी मातालाई चढाउने गरिन्छ, रोटीमा सूर्यको रथका पाङ्ग्रा अङ्कित गरिन्छ ।"

षष्ठीका दिन पक्वान्न, फलफूल र नरिवललाई बाँसको टोकरीमा सजाएर माथिबाट कपडाले छोपिन्छ । साँझपख बत्ती बालेर माटाको घडाको साथ गीत गाउँदै नदी वा तलाउका किनारमा गइन्छ । डुब्न लागेका सूर्यलाई अर्घ्य दिई प्रणाम गरिन्छ । अर्घ्य दिएपछि तीनपटक पानीमा डुबुल्की मारी मनोरञ्जन गर्दै त्यहीं रात बिताइन्छ ।

सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई दर्शन गर्न बिहान ४:०० बजेदेखि नै प्रतीक्षा गरिन्छ । उदाउँदो सूर्यलाई गाईको दूध, फूल र जलले अर्घ्य दिइन्छ । यसरी घाटमा गरिने पूजालाई भिन्सरघाट भनिन्छ ।

बिहानै घाटमा गरिने पूजा भएकाले भिन्सरघाट भनिएको हो । सूर्योदयकालमा अर्घ्य दिई सूर्यको दर्शन गरेपछि छठ पूजा सकिन्छ । सूर्यको दर्शन गर्दा भक्त लुगासहित कम्मरसम्मको पानीमा डुबेर सूर्य दर्शन गर्ने विधि रहेको रीता यादव बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "पृथ्वीमा भएका जीवको सञ्चालन र संरक्षण जल एवं सूर्यबाट भएकाले नदीलाई माता, सूर्यलाई सम्पूर्ण शक्तिको स्रोतका रूपमा मानी विशेष पूजा गर्ने गरिएको हो ।"

कार्तिक शुक्ल पक्षमा सूर्यको पूजा गर्नाले मनोकाङ्क्षा पूरा भई इच्छाएको फल प्राप्त हुने उल्लेख शास्त्रमा गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्राडा रामचन्द्र गौतमले बताउनुभयो ।

उक्त पर्वमा मुस्लिम, बौद्ध र जैन धर्मावलम्बीको समेत सहभागिता रहने गरेको छ । कमलपोखरी, गुह्येश्वरीलगायत काठमाडौँमा निर्माण भएका छठ घाटमा बौद्ध, जैन र मुस्लिम धर्मावलम्बी पनि सूर्यदेवको पूजा, आराधनाका लागि आउने गरेका छन् । ***रासस***

नेपाल–भारतको संयुक्त छठ घाट

महोत्तरी, २७ कार्तिक । मटिहानी नगरपालिकाको बिग्ही नदी किनारमा झण्डै दुई किलोमिटर लम्बाइको छठ घाट तयार भएको छ । उक्त घाट नेपाल र भारतको संयुक्त छठ घाट हो ।

सांस्कृतिक परम्पराले एक सूत्रमा बाँधिएका दुवै देशका नागरिकले आपसी हेलमेलसाथ पर्व मनाउने परम्पराको यो उदाहरणीय दृष्टान्त भएको मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डलले राससलाई बताउनुभयो ।

बिग्ही नदी किनारको वारीपारी बनेको यो नेपालतर्फ महोत्तरीको मटिहानी र धनुषाको तुलसीयाही तथा भारतको मधवापुर र रामपुरका बर्तालुको संयुक्त घाट हो । नगरप्रमुख मण्डल भन्नुहुन्छ, "सीमाले दुई देश छुट्याए पनि दुवै देशका सांस्कृतिक सम्बन्ध प्रगाढ छन्, छठ नेपाल र भारतका नागरिकले एउटै घाटमा मनाउने संस्कृति हामीले बसालेका छौं । यो आपसी प्रगाढ सम्बन्धको अनुपम दृष्टान्त हो ।"

घाट निर्माणमा हुने खर्चमा पनि दुवै देशका नागरिकको समान भागिदारी हुने गरेको मण्डलले स्पष्ट पार्नुभयो । भारततिरको मधुवनी जिल्लामा पर्ने मधवापुर ग्रामपञ्चायतका सरपञ्च बलराम झा देशको सीमाले राष्ट्रियता छुट्याए पनि हाम्रा समान संस्कृति छन् भन्ने यो घाटले दर्शाएको बताउनुहुन्छ ।

नेपालीमै बोलचाल गर्ने झाले भन्नुभयो, "दशगजाले हाम्रो राष्ट्रियता छुट्याएको छ, तर हाम्रा भाषा, संस्कृति, परम्परा र चाडबाड साझा छन् ।" मानवीय संवेदना र सांस्कृतिक परम्पराका कुरामा कसैले नेपाली र भारतीय भनेर छुट्याउने अवस्था नरहेको झाले स्पष्ट पार्नुभयो ।

नेपाल भारत दुवैतर्फका सीमाक्षेत्रका बासिन्दा बिग्ही घाटमा केही वर्षयता सँगसँगै एउटै घाटमा पर्व मनाउँदै आएका छन् । यसले दुवै देशका नागरिकबिचको सम्बन्धसँगै आपसी दुःखसुखमा पनि साथ उभिने संस्कृति निर्माण गरेको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस) का प्राचार्य हेमनारायण लाल कर्ण बताउनुहुन्छ ।

नेपाल भारतको यो संयुक्त छठ घाटमा दुवैतर्फका कलाकर्मीले संयुक्त रूपमा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने गरेका छन् । छठ पर्व यस ठाउँका लागि आपसी अन्तर्घुलनको एक अपूर्व अवसर बन्ने गरेको दुवैतर्फका सर्वसाधारण बताउँछन् ।

चारदिने महापर्व 'छठ' यसपाला आज 'नहाय खाय' विधिसँगै सुरु भएको छ । अब शनिबार खरना, आइतबार निराहार व्रतका दिन अस्ताउँदा सूर्यलाई अर्घ्य दिइने सझियाघाट र सोमबार बिहान उदाउँदा सूर्यलाई अर्घ्य दिइने पारनका विधि सम्पन्न गरिएसँगै यसपालिको छठ समापन गरिने छ । ***रासस***

गाउँमा शिक्षाको ज्योति फैलाउँदै चन्द्रोदय पुस्तकालय

जनकपुर, २७ कार्तिक । विदेह नगरपालिका-८ बफै गाउँको चन्द्रोदय पुस्तकालयले २७ वर्षदेखि ग्रामीण क्षेत्रमा पठन संस्कृति र शैक्षिक चेतना अभिवृद्धि गर्दै शिक्षाको ज्योति फैलाएको छ ।

पुस्तकालयको २७ औँ वार्षिकोत्सवका अवसरमा आज आयोजित कार्यक्रममा मधेस प्रदेशसभाका सभामुख रामअशिष यादवले ग्रामीण क्षेत्रमा शिक्षा र चेतनाको विकासमा पुस्तकालयको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

नेपाल विद्युत् प्राधिकरणका निर्देशक सूर्यनारायण मण्डलले आधुनिक प्रविधिको विकाससँगै पुस्तकालयलाई पनि 'डिजिटाइज' गर्नुपर्नेमा जोड दिनुभयो ।

पुस्तकालयका संस्थापक अध्यक्ष ठकुप्रसाद साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल विद्युत् प्राधिकरण कर्मचारी सङ्घका वरिष्ठ उपाध्यक्ष जगदीश साह, स्थानीय शिक्षक ब्रह्मदेव साहले पठन संस्कृतिबाट युवापुस्ता विमुख भएकामा चिन्ता व्यक्त गर्नुभयो । ***रासस***

घाँसेमैदान सफा गरेपछि सहजै रूपमा देखिन थाले वन्यजन्तु

चितवन, २७ कार्तिक । जङ्गल सफारीका लागि चितवन राष्ट्रिय निकुञ्ज विश्वमै प्रख्यात छ । यहाँ जङ्गल सफारी गर्न स्वदेशी र विदेशी पर्यटक रुचाउँछन् । वर्षात सकिएसँगै जीप सफारी सञ्चालन गरिदैआएको छ ।

बर्सातको समयमा भने बाटो बिग्रने भएकाले निकुञ्जले जङ्गल सफारी बन्द गर्दै आएको छ । दसैँअघि निकुञ्जभित्रका सडक मर्मत सकेर जीप सफारी सञ्चालनमा आउने ल्याइने गरिएको छ । निकुञ्जले यस वर्ष बाटोसँगै घाँसेमैदानको व्यवस्थापनको काम पनि अघि बढाएको छ । त्यस कार्यले निकुञ्जभित्र जीपमा सफारी गर्नेले टाढा-टाढासम्मका वन्यजन्तु हेर्न सहज भएको छ ।

निकुञ्जका सूचना अधिकारी गणेश तिवारीका अनुसार यस पटक जीप सफारी सुरु गरिँदा बाटो छेउका ८५ हेक्टर घाँसेमैदान सफा गरिसकिएको छ । तिवारीले भन्नुभयो, "सुरुमा बाटो नजिक सफा गरेर पछि भित्रि ठाउँको घाँसेमैदान व्यवस्थापन गर्दै छौं ।" निकुञ्जभित्र सफा भएपछि जीप सफारी गर्नेले दुर्लभ एकसिङ्गे गैँडा, पाटेबाघ, गौरी गाई, भालु, मृग प्रजातीका चित्तललगायतका वन्यजन्तु, चरा सजिलै देख्न पाएका छन् ।

निकुञ्जको कसराबाट २३ वटा, मेघौलीबाट १३ वटा र सौराहाबाट ३२ वटा जीप निकुञ्जभित्र सेवा दिँदै आएका छन । ती जीपबाट सौराहाबाट कसरा, कसराबाट रिउ खोला किनारसम्म र भित्रि भागमा पर्यटक घुमाउने गरिएको छ । चितवन निकुञ्ज दुर्लभ एकसिङ्गे गैँडा र पाटे बाघका लागि प्रख्यात छ । यहाँ सन् २०२५ को गणना अनुसार १४५ वटा पाटेबाघ छन् । देशभर यसको सङ्ख्या ४२९ छ । यस्तै एक सिङ्गे गैँडा यहाँ ६९४ वटा छन् । देशभर गैँडाको सङ्ख्या ७५२ रहेको छ ।

निकुञ्ज बाहिरका सामुदायिक वनमा समेत जीप र हात्ती सफारी गरिँदै आएको छ । चितवनमा पर्यटक डुङ्गा र पैदलका माध्यमबाट पनि निकुञ्ज घुम्ने गरेको पाइएको छ । ***रासस***

। सम्पादकीय ।

गाउँमा आफ्नै कमाइको रकमले पुल मर्मत हुने, सहरमा सरकारी बजेट अर्बौं भ्रष्टाचार हुने !

नेपालको एक दुर्गम जिल्ला रूकुमपूर्वका एक पन्ध्र वर्षीया बालिका सदीक्षा ओलीले सामाजिक सञ्जालबाट प्राप्त आफ्नो कमाइ ६० हजार रुपैयाँ गाउँको दोमै खोलामा भत्किएको पुल मर्मतमा मद्दत गरिन् । सो पुल भत्किँदा आउजाउ गर्न स्थानीयलाई कठिन भएको थियो । सदीक्षाले पुल भत्किँदा जनतालाई दु:ख-पीडा भएको सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेकी थिइन् तर सम्बन्धित सरकारी निकाय र जिम्मेवार पदाधिकारीहरूको ध्यान गएन । सो पुल भएको ठाउँ तत्कालीन माओवादी 'सशस्त्र द्वन्द्व' को बेला चर्चामा रहेको चुनवाङमा पर्दछ । माओवादीका पुष्पकमल दाहाल यसपटक रूकुमपूर्वबाट सांसद बने । तर, स्थानीय जनतालाई पीडा हुने सो पुल निर्माणमा उनको पनि ध्यान गएन ।

दिनको एक घण्टा हिँडेर कक्षा १० मा पढ्ने विद्यार्थी सदीक्षाले आफ्नो सामाजिक सञ्जालको कमाइबाट गाउँको भत्किएको पुल मर्मत भएको सञ्चार सार्वजनिक भइरहेको बेला पशुपति क्षेत्र विकास कोषका सदस्य रामसोभित नायकले कोषको जग्गा नि:शुल्क लिएर प्रतिस्टल रु. २१ हजारदेखि २५ हजारसम्म भाडा उठाएर भ्रष्टाचार गरेको बाहिरियो । पशुपति क्षेत्र विकास कोषमा 'दक्षिणा' लगायत विषयमा भ्रष्टाचार भएको सार्वजनिक भएकै हो । यो आर्थिक अनियमिततामाथि अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट के कसरी कारबाही अघि बढाउने हो स्पष्ट बाहिरिएको छैन । नायकले 'श्री माँ दुर्गा भवानी पूजा तथा हिन्दू संस्कृति परिषद्' को रसिद प्रयोग गर्न सरकारमा बसेका क-कसले आडभरोसा दिए ? यो प्रश्नको जवाफ कहिले आउने ?

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक पूर्वाधार प्रयोग गरेका हिमालय एअरलायन्ससँग ३५ करोड ७७ लाख ८७ हजार, नेकोन एअरसँग चार करोड ६३ लाख ८५ हजार, गुण एअरलाइन्ससँग चार करोड ३९ लाख ५० हजार, कस्मिक एअरसँग दुई करोड ६९ लाख ७१ हजार, जेट एअरवेजसँग दुई करोड दुई लाख ८३ हजार रुपैयाँ बक्यौटा रहेको सार्वजनिक भयो । नेपालमा उडान रोकेका विदेशी वायु सेवा गल्फ एअरको एक करोड ८६ लाख, किङफिसर एअरलाइन्सको एक करोड १५ लाख, एअर सहाराको ३४ लाख, पाकिस्तान इन्टरनेसनल एअरलायन्सको २६ लाख र बहराइन एअरको २४ लाख रुपैयाँ बक्यौता रहेको पनि खुल्यो । संयुक्त राष्ट्र सङ्घीय मिसन नेपाल (अनमिन) को १४ लाख २८ हजार पनि बक्यौता रहेको बाहिरियो ।

नेपाली जनतालाई ज्वरोको औषधि सिटामोल उपलब्ध नहुने तर सरकारले स्वदेशी र विदेशी अर्बपति एवम् खर्बपतिहरूसँग करोडौँ र अर्बौं रुपैयाँ बक्यौता भएको असुल नगर्ने किन ? विमानस्थल सेवा शुल्क नियमावली, २०७८ अनुसार बक्यौता नतिर्ने व्यक्ति संस्था तथा वायु सेवा कम्पनीमाथि थप कारबाहीको व्यवस्था गरिएको छ । भवन तथा कोठा भाडा, जग्गा भाडा र ह्याङ्गर भाडा, विज्ञापन शुल्क र सम्झौताबमोजिमका रकम अग्रीम बुझाउनुपर्ने व्यवस्था पनि छ । समयमा भाडा नबुझाउनेसँग ६० दिनसम्म दैनिक ०.०५ प्रतिशतको दरले विलम्ब उठाउनुपर्ने र त्यसपछि बक्यौतामा वार्षिक १५ प्रतिशतको दरले असुल गर्नुपर्ने व्यवस्था छ ।

सरकार फेरिन्छ तर जनताको सम्पत्ति बक्यौता उठेन किन ? यो प्रश्न पनि उठिरहेको छ । सरकारी निकाय अन्तर्राष्ट्रिय विमानस्थलले पनि ५७ करोड २० लाख रुपैयाँ नुबझाएको सार्वजनिक भयो । सामान्य जनता सरकारको डरमा स-सानो कर पनि तिर्ने तर अर्बपतिहरूसँगको बक्यौता सरकारी अधिकारीकै मिलेमतोमा नउठाउने किन ?

क्वाड पुनर्जागरण : हतारमा गरिएको 'इन्डो-प्यासिफिक' महाभूल

✍ क्यान फेंग

क्वाड नेताहरूको शिखर सम्मेलन नोभेम्बरको मध्यमा मनिलामा क्वाड बैठकहरूको शृङ्खलाको क्रममा हुनेछ । दुई वर्षदेखि निष्क्रिय रहेको यो सानो 'घेरा' लाई अन्ततः अमेरिकी प्रशासनले अफ्रिजरबाट धुलो निकालेर फिर्ता ल्याएको छ ।

अमेरिकी हिसाब सधैँ सिधा छ । हालको अमेरिकी प्रशासनको रणनीतिक ध्यान सुरुमा 'पश्चिमी गोलार्द्धमा फिर्ता' को रूपमा चिनिएको थियो, तर संरा अमेरिका पछि मध्यपूर्वमा गहिरो गरी फसेको छ, जसले गर्दा "संरा अमेरिकाले इन्डो-प्यासिफिकलाई बेवास्ता गरिरहेको छ" भनी अङ्कलबाजी जारी छ ।

अब, क्वाड बैठकहरूको छेउमा मनिलामा क्वाड शिखर सम्मेलन



गर्ने छनौट गरेर, संयुक्त राज्यले महत्त्वपूर्ण अतिरिक्त कूटनीतिक स्रोतहरू लगानी गर्न वा विशेष गरी बहुपक्षीय शिखर सम्मेलनको लागि लामो यात्रा कार्यक्रमको व्यवस्था गर्नबाट जोगिनेछ । यसले सम्पूर्ण एसिया-प्रशान्त क्षेत्रमा स्पष्ट, कम लागतको सङ्केत पठाउँछ कि संरा अमेरिका अझै पनि उपस्थित छ ।

मूल्यवान खनिज आपूर्ति श्रृङ्खलाहरूमा संरा अमेरिकाका कमजोरीहरू बढ्दो रूपमा स्पष्ट हुँदै गइरहेका छन्; मूल सामग्रीको भण्डारमा कमीले प्रत्यक्ष रूपमा घरेलु औद्योगिक सुरक्षालाई असर गर्छ । वैकल्पिक आपूर्ति श्रृङ्खला स्थापना गर्न जापान, भारत र अस्ट्रेलियासँग सहकार्य गर्न क्वाडको लाभ उठाउन तत्काल आवश्यकता छ ।

केही दिनअघि, जी-२० विदेश मन्त्रीहरूको बैठकको छेउमा एट्लान्टामा चार क्वाड विदेश मन्त्रीहरूको बैठकपछि, एक विज्ञप्ति जारी गरियो, जसमा क्वाडले नीति र अभ्यासहरूको आलोचना गर्दै भरपर्दो र खुला विश्वव्यापी आपूर्ति श्रृङ्खलाहरू निर्माण गर्ने आफ्नो प्रतिबद्धतालाई दोहोऱ्यायो ।

फिलिपिन्समा क्वाड नेताहरूको शिखर सम्मेलन, एक प्रमुख सहयोगीको रूपमा अमेरिकालाई यस क्षेत्रमा दक्षिण चीन सागर मामिलामा आफ्नो संलग्नता प्रदर्शन गर्न अनुमति दिन्छ र दक्षिण चीन सागर मुद्दामा लामो समयदेखि उत्तेजक कार्यहरू गर्ने फिलिपिन्सजस्ता शक्तिहरूलाई 'अदृश्य शक्ति' प्रदान गर्दछ ।

क्वाडमा भारतको संलग्ननाले 'शक्तिको सन्तुलन चालु' को स्पष्ट विशेषता बोक्छ । वाशिङटन र नयाँ दिल्ली दुवै पक्षले स्वीकार गर्ने सम्झौता गर्न असफल भएकाले शिखर सम्मेलनको आयोजना गर्ने यसअघिको योजना असफल भएको थियो । नयाँ दिल्ली चीनलाई नियन्त्रण गर्ने अन्य राष्ट्रहरूको प्रयाससँग पङ्क्तिबद्ध गरेर सुधारिएको चीन-भारत सम्बन्धलाई खतरामा पार्न इच्छुक छैन, न त व्यापार ट्यारिफ र बजार पहुँचजस्ता मुद्दाहरूमा संरा अमेरिकालाई एकतर्फी छुट दिन इच्छुक छ ।

जापान र अस्ट्रेलिया यस सहयोग खोसाखोस (एड-हक) भेलामा नि: शुल्क सवारहरू जस्तै छन् । टोकियोले आफ्नो सैन्य उपस्थितिको बाहिरी विस्तारलाई अगाडि बढाउन क्वाडको पुन: लन्चको लाभ उठाउने आशा गर्दछ । यसैबिच क्यानबेरा (अस्ट्रेलिया) ले महत्त्वपूर्ण खनिजहरूको निर्यातको लागि अमेरिकी बजारमा अझ बढी पहुँच सुरक्षित गर्न खोज्छ । चार राष्ट्रहरूमध्ये प्रत्येकले आ-आफ्ना एजेन्डाहरू पछ्याउँदै, मनिलामा उनीहरूको भेला सुरुदेखि नै असङ्गत खाडलहरूले भरिएको छ ।

क्वाड एकताबद्ध लक्ष्य र समन्वित कार्यहरूको साथ एक वास्तविक गठबन्धन कहिल्यै भएको छैन; यो एक 'लुज क्लब' जस्तै हो जहाँ प्रत्येक पार्टीले आफ्नो स्वार्थ पछ्याउँछ । दुई वर्षको अन्तरालमा यसअघि वाचा गरिएका अधिकांश सहकारी आयोजना कागजमा मात्रै सीमित रह्यो । तथाकथित संयुक्त आपूर्ति श्रृङ्खला प्रणालीले अहिलेसम्म कुनै ठोस सफलता हासिल गर्न सकेको छैन र समुद्री सुरक्षा सहयोगले धेरै हदसम्म निम्न-स्तरको संयुक्त अभ्यासहरू समावेश गरेको छ, जसले दिगो समन्वयात्मक कार्यहरू स्थापना गर्न गाह्रो बनाएको छ । यो हतारमा पुनः आयोजना गरिएको मनिला शिखर सम्मेलन 'फोटो-अप' कूटनीतिक घटनासँग मिल्दोजुल्दो छ र वास्तविक मूर्त परिणामहरू दयनीय रूपमा थोरै हुने सम्भावना छ । यी परिस्थितिहरूमा, क्वाड शिखर सम्मेलनले क्षेत्रीय परिदृश्यलाई प्रभावकारी रूपमा आकार दिन सक्षम शक्तिशाली संयन्त्रको रूपमा बढ्न सक्दैन ।

हाल उपलब्ध जानकारीलाई हेर्दा, दक्षिण चीन सागर, इन्डो-प्यासिफिक सामुद्रिक सहयोग, महत्त्वपूर्ण खनिज आपूर्ति श्रृङ्खला र ऊर्जा सुरक्षा यस मनिला शिखर सम्मेलनको एजेन्डामा हुने उच्च सम्भावना छ । यस क्षेत्रका धेरै देशहरू पहिले नै सतर्क छन्, यो 'सानो सर्कल' ले चीनमा जनमत बङ्ग्याउने दुष्प्रयास थोप्ने प्रयासमा संयुक्त वक्तव्यमा दक्षिण चीन सागरको मामिलामा हस्तक्षेप गर्ने प्रावधानहरू छिराउनको लागि शिखर सम्मेलनलाई बहानाको रूपमा प्रयोग गर्ने सोचिरहेका छन् ।

दक्षिण चीन सागरका टापु र नजिकैको पानीमा चीनको निर्विवाद सार्वभौमसत्ता छ । यसले दक्षिण चीन सागर विवादको शान्तिपूर्ण समाधान वार्ता र परामर्शको माध्यमबाट गर्न निरन्तर वकालत गर्दै आएको छ भने दक्षिण चीन सागरलाई अस्थिर बनाउन खोज्ने कुनै पनि कार्यलाई रोक्न दृढ कदम चाल्ने दृढ सङ्कल्प रहेको छ ।

यदि केही देशहरूले दक्षिण चीन सागरको मामिलामा हस्तक्षेप गर्ने आफ्नो मनसाय खुला रूपमा प्रदर्शन गर्न सानो सर्कल शिखर सम्मेलन प्रयोग गर्न खोज्छन् भने चीनले अनिवार्य रूपमा यसको दृढतापूर्वक विरोध गर्नेछ । दक्षिण चीन सागर क्षेत्रीय देशहरूको साझा घर हो, भूराजनीतिक खेलहरू हेरफेर गर्ने बाह्य शक्तिहरूको लागि मैदान होइन । दक्षिण चीन सागर मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्ने वा इन्स्ट्रुमेन्टल बनाउने कुनै पनि प्रयासले अन्ततः यसको पछाडि परेकाहरूलाई जवाफ दिनेछ ।

- पिपुल्स डेली अनलाइनबाट
अनुवाद : प्रकाश



पाठक पत्र

बासी तं (उकालो) को चुहेको पानी कहिले बन्द हुने ?

भक्तपुर नगरपालिका वडा नं. ६ बासी तं (महाकालीको उकालो) क्षेत्रमा विद्युत् प्राधिकरणले तार अन्डरग्राउन्ड गर्ने क्रममा बिगारेको बाटो वासी तंबाट पूर्व र पश्चिम क्षेत्रमा मर्मत भएको छैन पुरेको छ । इँटा नबिछ्याई वा माटो पन्छाउने काम हालसम्म भएको छैन । उकालोमा ढुङ्गा छपाइ र मर्मत गऱ्यो तर पाइप लिक भएर पानी चुहिरहेको ३ महिनाभन्दा बढी भइसक्यो । तर, त्यो ढुङ्गा छपाइ गरेको बाटोबाट पानी चुहेर आइरहेकोले नगरकोट पीच बाटो जहिल्यै भिज्ने गरेको छ । पानी बगेर ब्यासीको झौखेल जाने चौबाटोसम्म पानी जाने गरेको छ । पानीले बाटो हिलाम्मेजस्तै भएको छ । प्रभात इडलिश स्कूलमा जाने सयौँ विद्यार्थीलाई मर्का परेको छ । पेटीबाट जाँदा खाल्डाखुल्डी छ । पीच बाटोमा गुडेको गाडी ब्रेक समात्दा जिउ नै सिरिङ्ग हुन्छ । महिनौँ यस्तो स्थिति हुँदा स्थानीय महाकाली पीठ जाने भक्तजनहरूलाई धेरै नै जोखिम भइरहेको छ । महाकाली क्षेत्रका स्थानीयहरूलाई पनि नराम्रो भइरहेको छ । यसको मर्मत सम्भार कसले गर्ने ? स्थानीय निकायले गर्ने कि काठमाडौँ उपत्यका खानेपानी लिमिटेडले गर्ने अथवा विद्युत् प्राधिकरणले गर्ने ? जिम्मेवारी कसको ? सम्बन्धित सरोकारवाला निकायहरूको यथाशीघ्र ध्यान जाओस् र मानवीय तथा अन्य क्षति हुनबाट बचाओस् ।

- सृजना श्रेष्ठ, भक्तपुर

सन् १९१७ को मजदुर क्रान्ति - ५

✍ नारायणमान बिजुक्छें (रोहित)

करेन्स्की सरकारले राजधानीलाई पेट्रोग्रादबाट मस्को लैजान खोज्यो । मजदुर र सैनिकहरूले त्यसको विरोध गरे । १६ अक्टोबरको दिन पार्टी केन्द्रीय समितिको एक पूर्ण बैठक बस्यो । बैठकले विद्रोह सञ्चालन गर्न स्तालिनको नेतृत्वमा एक पार्टी केन्द्र चुन्यो । त्यो पार्टी केन्द्र पेट्रोग्राद सोभियतको क्रान्तिकारी सैनिक समितिको नेतृत्व थियो । १८ अक्टोबरको दिन मेन्शेभिकको पत्रिका 'नोभाया जिज्न' (नयाँ जीवन) मा कामेनेभ र जिनोभिएभको एक वक्तव्य छापियो । वक्तव्यमा तिनीहरूले विद्रोहलाई दुस्साहसपूर्ण जुवा खेल्नु बताए । त्यसको अर्थ तिनीहरूले बोल्शेभिक विद्रोहको योजना शत्रुसम्म बताइदिनु थियो । यसकारण, लेनिनले भन्नुभयो, "कामेनेभ र जिनोभिएभले सशस्त्र विद्रोहबारे आफ्नो केन्द्रीय समितिको निर्णयलाई विश्वासघात गरेर राजतन्त्रवादी रोदजियोको र करेन्स्कीलाई बताइदिए ।" लेनिनले तिनलाई पार्टीबाट निकाल्ने प्रश्न उठाउनुभयो ।

अस्थायी सरकारले विद्रोहको कुरा थाहा पाएर बोल्शेभिकहरूसँग लड्न अस्थायी सरकारको बैठक बोलायो । १९ अक्टोबरको दिन अस्थायी सरकारले युद्धका मोर्चाहरूबाट छिटछिटो सेनालाई पेट्रोग्राद बोलायो । २५ अक्टोबरको दिन (अन्तर्राष्ट्रिय पात्रोअनुसार ७ नोभेम्बर) देशभरका मजदुर, किसान र सिपाहीहरूको राष्ट्रिय प्रतिनिधिसभाको दोस्रो महाधिवेशन (The Second all Russian Congress of Soviets) बस्दै थियो । अस्थायी सरकारले सोभियतहरूको दोस्रो महाधिवेशन हुनुभन्दा अगाडि नै बोल्शेभिक पार्टी वा त्यसको केन्द्रलाई ध्वस्त पार्न सेना जम्मा गर्ने योजना बनायो ।

२० अक्टोबरको दिनसम्ममा १५ जना प्रतिनिधिमात्रै पेट्रोग्राद पुगेका थिए ।

शनिबार २१ अक्टोबरको दिन थियो । बोल्शेभिक पार्टीका नेताहरूको एक गुप्त बैठक भयो । त्यस ऐतिहासिक बैठकमा लेनिनले भन्नुभयो, "२४ अक्टोबर (अन्तर्राष्ट्रिय पात्रोमा ६ नोभेम्बर) समयभन्दा अगाडि हुनेछ । विद्रोहको निम्ति एक राष्ट्रिय रुसी आधार चाहिन्छ र २४ अक्टोबरसम्म महाधिवेशनका सबै प्रतिनिधि पुगिसकेका हुँदैनन् ।... अर्कोतिर २६ अक्टोबर (८ नोभेम्बर) सम्म समय बितिसकेको हुनेछ । त्यसबेलासम्म महाधिवेशन सङ्गठित भइसकेको हुन्छ र धेरै मानिस भएको कुनै पनि संस्थालाई तुरुन्तै निर्णय लिन गाह्रो हुन्छ । महाधिवेशन बस्ने २५ अक्टोबरकै दिन हामीले काम सुरु गरिदिनुपर्छ; किनभने त्यसलाई हामी भन्न सक्छौं - लिनुस्, यो हो हुकुम । भन्नुस्, अब तपाईंहरू के गर्नुहुन्छ ?"

२१ अक्टोबरसम्म सय जना प्रतिनिधिमात्र पेट्रोग्राद पुगेका थिए । त्यस महासभाको गणपूरक सङ्ख्या (कोरम) ४०० थियो । महाधिवेशनको निम्ति अझ ४ दिन बाँकी थियो । तर, रुसको परिस्थिति छिटछिटो फेरिरहेको थियो । सिपाहीहरू भकाभक बन्दुक छोड्दै लडाइँको मोर्चाबाट टाढिँदै थिए । अञ्चल र जिल्लाहरूमा ब्यारेक र छाउनीहरू धमाधम बोल्शेभिकको पक्षमा लाग्दै थिए । मजदुरहरूको विश्वास अस्थायी सरकार (अर्थात् मेन्शेभिक र समाजवादी क्रान्तिकारीहरू) तिर घट्दै बोल्शेभिकहरूप्रति बढ्दै थियो । गाउँगाउँमा किसानहरूले जमिनदारहरूका जग्गा कब्जा गर्दै थिए । खानदानी र सामन्तहरूको दरबारहरूमा ह्वारह्वारती आगो लगाउँदै थिए । किसान विद्रोह दबाउन गएका सिपाहीहरू किसानहरूसँगै मिल्दै थिए । अस्थायी सरकार नाउँमात्रैको थियो ।

बोल्शेभिक पार्टीले सेना र कारखानाहरूमा तयारी सुरु गऱ्यो । 'अरोरा' (Aurora) र जार्यास्भोबोडी (Zaryasvobody) भन्ने लडाकु जहाजको सेनालाई विद्रोहको निर्देशन पठायो । त्रोत्स्कीको घमण्डलाई चूर्ण पार्न पेट्रोग्राद सोभियतको एक बैठकमा विद्रोहको दिनलाई अगाडि नै घोषणा गरिदियो । यसकारण, केन्द्रीय समितिले तोकेको दिनभन्दा पहिले नै विद्रोह सुरु गर्ने निर्णय गऱ्यो । त्यसो गर्दा अस्थायी सरकारले विद्रोहलाई असफल पार्न सक्दैनथ्यो ।

शीतल दरबार अस्थायी सरकारको केन्द्र थियो । त्यसको रक्षा गर्न खानदानीवर्गका छोराहरूलाई अफिसरको तालिम दिने सैनिक विद्यालयका छात्र तथा 'युङ्करहरू' ले तोपको पहरा दिन थाले । सडकहरूमा निर्दयी मानिने कज्जाक सिपाहीहरूलाई पहरा दिन लगाइयो । आज्ञा उल्लङ्घन गर्ने र विद्रोहलाई 'पूरा शक्ति' लगाएर दबाउने धम्की दिइयो । अस्थायी सरकारको शिक्षामन्त्री किस्किनलाई पेट्रोग्रादमा शान्ति-सुरक्षा कायम गर्न विशेष 'कमिसार' वा मन्त्री नियुक्त गरियो । पेट्रोग्राद, क्रोन्स्तादत र फिनल्यान्डलाई चारैतिर घेरेको वा नाकाबन्दी गरेको घोषणा गरियो ।

पेट्रोग्राद मजदुरहरूको गढ थियो; क्रोन्स्तादतमा २५ हजार जहाजी थिए । तिनीहरू सबै मृत्युदेखि नडराने बोल्शेभिक थिए । फिनल्यान्ड रुसको राजनीतिक गतिविधि गर्ने एक केन्द्र थियो अथवा रुसको प्रभावमा भएको देश थियो । देशको परिस्थितिलाई बुझेर सरकारको त्यस धम्कीलाई व्यङ्ग्य गर्दै 'नोभाया वेम्प्रा' (नयाँ युग) भन्ने एक पुँजीवादी अखबारले लेख्यो, "किन चारैतिर घेरेको ? सरकारको हातमा न हुकुम छ न बल प्रयोगको निम्ति आवश्यक साधन छ; न त त्यसको कुनै नैतिक प्रतिष्ठा नै बाँकी छ । परिस्थिति धेरै अनुकूल भएमात्र सम्झौताको कुराकानी गर्न सक्छ; त्यो पनि ऊसँग कुराकानी गर्न तयार भए मात्र । योभन्दा ऊसँग बढी अधिकार छैन ।"

२२ अक्टोबर, १९१७ आइतबारको दिन बिहान १७५ जना प्रतिनिधि पेट्रोग्राद पुगे । त्यसमध्ये १०३ प्रतिनिधि बोल्शेभिक थिए । महाधिवेशन हुन अझ तीन दिन बाँकी थियो । बोल्शेभिकहरूको तयारी जोडतोडले हुँदै थियो ।

२३ अक्टोबर सोमबारको दिन मारिन्स्की दरबारमा 'रुसी जनतन्त्र परिषद्' को बैठक भइरहेको थियो । बैठकमा बेलायतको 'टाइम्स' (समय) पत्रिकाको सम्पादकीय लेख सुनाइँदै थियो । लेखमा भनिएको थियो, "बोल्शेभिकहरूको एउटै उपचार छ - गोली !" सबै दक्षिणपन्थी 'त्यसैमा सहमत' थिए ।

करेलिन भन्ने वामपन्थी समाजवादी क्रान्तिकारीले उठेर जवाफ दिए, "हो, मलाई थाहा छ - तपाईंहरू त्यही चाहनुहुन्छ । तर, तपाईंहरूमा त्यो साहस छैन ।"

बैठकमा चर्काचर्की र भनाभन हुँदै गयो । विदेशमन्त्री तरेश्चेन बोल्न उठ्नासाथ वामपन्थीहरू ठुलठुला स्वरले कराए, 'राजीनामा गर । गद्दी छोड ।' २३ अक्टोबरको दिनमात्र पेट्रोग्रादमा बोल्शेभिकहरूका ५०-६० जनसभा भएका थिए ।

२४ अक्टोबर मङ्गलबार पनि 'रुसी जनतन्त्र परिषद्' मा चर्काचर्की वादविवाद हुँदै थियो । बैठकमा मन्त्रिपरिषद्का अध्यक्ष करेन्स्कीले समाजवादी प्रजातन्त्रवादका उग्र वामपन्थीहरूको निम्ति परिस्थिति साह्रै अनुकूल भएको लेनिनकै भनाइ अघि सारे । उनको भनाइमा बोल्शेभिकहरूका सबै अखबार बन्द गरिनुपर्छ; प्रदर्शन र जनसभालाई दबाउनुपर्छ; बोल्शेभिक पार्टीलाई प्रतिबन्ध लगाउनुपर्छ र त्यसका नेताहरूलाई पक्राउ गरी सजाय दिनुपर्छ । करेन्स्कीले लेनिनको भनाइ पढ्न थाले ।

"लौ सुन्नुहोस् ! जर्मनीका साथीहरूका एउटै नेता हुनुहुन्छ; लिब्नेख्त । उहाँसँग अखबार छैन; जनसभा गर्ने स्वतन्त्रता छैन; सोभियतहरू छैनन् ।... उहाँलाई समाजका सबै वर्गको चर्को पन्छाउन जनसभामा बोल्न थाले, "राज्यको अपराधी लेनिनले जनतालाई लुटपाट गर्न र साह्रै डरलाग्दो हत्याकाण्डको लागि भड्काउँदै छन्; जसले स्वतन्त्र रुसको निधारमा सधैंको निम्ति कलङ्कको टीका लाग्नेछ ।"

जवाफमा जनताले लेनिनलाई स्वागत गर्न थाले । क्रान्तिकारी सैनिक समितिको केन्द्र स्मोल्नी थियो । मजदुरहरू पेट्रोग्रादका सडक र ठाउँठाउँमा छेकबार (मोर्चा) बनाउँदै थिए । जनसमितिहरूमा अनेक वर्ग र दलका मानिस धमाधम भर्ना हुँदै गए ।

क्रान्तिकारी शक्तिहरूको माझमा सम्बन्ध छुटाउन अस्थायी सरकारको तत्त्वले सोभियत र सैनिक छाउनीहरूको टेलिफोन सम्पर्क काटिदियो । खानदानीहरूका छोराहरूलाई सैनिक तालिम दिने विद्यालयका छात्र (युङ्करहरू) ले मजदुर इलाकाबाट पेट्रोग्राद सहरलाई अलग राख्न पुलहरू झिक्न थाले । बोल्शेभिक अखबारहरूका कार्यालय बन्द गर्दै लाहाछाप लगाउन थाले । शत्रुता झेल्न परिरहेछ । तैपनि, जर्मनीका साथीहरू विद्रोह गर्ने कोसिस गर्नुहुन्छ । हामीसँग दर्जनौं अखबार छन्; हामीसँग धेरै सोभियत छन्; हामीलाई जनसभा गर्ने स्वतन्त्रता छ; हामी सारा संसारका सबभन्दा राम्रो सङ्गठित सर्वहारा अन्तर्राष्ट्रवादी हौं । के हामी जर्मनीका क्रान्तिकारी र विद्रोही सेनालाई समर्थन गर्न अस्वीकार गर्नसक्छौं ?"

सभा भवनहरू खचाखच भरिएको हुन्थ्यो । एकपछि अर्को वक्ता बोल्दै जान्थे । जहाँ-तहाँका जनसभामा सबैले 'सबै हुकुम सोभियतलाई देऊ !' भनेर नारा लगाउँथे । मजदुरहरूले जनसमितिहरू बनाउँदै गए । क्रान्तिमा भाग लिने मान्छेहरूको सूची तयार हुँदै गयो । कोही राइफल जम्मा गर्दै र कोही उपचार दल तयार गर्दै थिए । करेन्स्कीले जनताको भावना बोल्शेभिकहरूबाट



बोल्शेभिक प्रचार कार्यकर्ता

तर, त्यसको जवाफमा बोल्शेभिकहरूले टेलिफोन यन्त्रलाई ठीक गरे; लाहाछाप फोरेर अखबार निकाल्न सुरु गरे ।

२४ अक्टोबरको आधा रातमा 'राबोची पूत' (मजदुरहरूको बाटो) को सम्पादकलाई पक्राउ गर्न आएको एक कर्नेल र युङ्कर दस्तालाई जनताले पक्राउ गरे । माफी मागेपछि बल्लतल्ल तिनीहरूको ज्यान बच्यो । तिनीहरू बोल्शेभिकहरूद्वारा बन्दी बनाइए ।

पार्टी केन्द्रको निर्देशनअनुसार क्रान्तिकारी सेना र लाल स्वयंसेवकहरू स्मोल्नी पुगे । स्मोल्नी नेभा नदीको किनारमा बनेको ठुलो दरबार थियो । त्यस दरबारमा पहिले खानदानीवर्गका केटीहरूको निम्ति स्कूल चल्थ्यो । त्यहाँ राष्ट्रिय प्रतिनिधिसभा अर्थात् सोभियतहरूको दोस्रो महाधिवेशन २५ अक्टोबर (अन्तर्राष्ट्रिय पात्रोअनुसार ७ नोभेम्बर) को दिन हुँदै थियो । त्यो ठाउँ बोल्शेभिक पार्टीको केन्द्र बन्यो । २४ अक्टोबरकै राति लेनिन त्यहाँ पुग्नुभयो । लेनिनले विद्रोह सञ्चालन गर्ने जिम्मेवारी सम्हाल्नुभयो ।

पेट्रोग्रादका ठाउँ-ठाउँमा बोल्शेभिक पक्षका सेना र अस्थायी सरकारको पक्षका सिपाहीबिच गोली हानाहान भइरहेको थियो ।

राति २ बजे अर्थात् २५ अक्टोबर (७ नोभेम्बर) को सुरुमा बोल्शेभिकहरू 'रेडियो केन्द्र' कब्जा गर्न सफल भए । बिहान चार बजे नै उपन्यायमन्त्री र उनकी जहान पक्राउ परिसकेका थिए । राष्ट्र बैङ्क कब्जा गर्न एक रेजिमेन्ट हिँडिसकेको थियो । बिहान ७ बजेसम्ममा उनीहरूले टेलिफोन अड्डा कब्जा गरिसकेका थिए ।

७ नोभेम्बर बुधबारको दिन थियो । बोल्शेभिक पार्टीको केन्द्रीय मुखपत्र 'राबोची पूत' मा ठुलठुला अक्षरले लेखिएको थियो, 'सारा हुकुम मजदुर, सिपाही र किसानहरूको हातमा दे !', 'शान्ति, रोटी र जग्गा दे !'

लेखमा भनिएको थियो, "हरेक सिपाही, हरेक मजदुर, हरेक सच्चा समाजवादी, हरेक इमानदार प्रजातन्त्रवादी यस कुरालाई बुझ्छ कि वर्तमान परिस्थितिमा खालि दुई विकल्प छन् -

कि त हुकुम पुँजीपति, जमिनदार गुटको हातमा रहिरहोस् । यसको अर्थ हुनेछ - मजदुर, किसान र सिपाहीहरूमाथि हरेक किसिमको थिचोमिचो, लडाइँको निरन्तरता र निश्चय पनि भोक र मृत्यु ।... अथवा, हुकुम क्रान्तिकारी मजदुर, सिपाही र किसानहरूको हातमा सुम्पियोस् । त्यसको अर्थ हुनेछ - सामन्ती अत्याचार पूर्णरूपले उखेलिनु, पुँजीपतिहरूलाई छेक्नु र छिट्टै एक न्यायपूर्ण शान्ति सन्धिको प्रस्ताव । यस्तो स्थितिमा किसानहरूको निम्ति जग्गा निश्चित छ; उद्योगमाथि मजदुरहरूको नियन्त्रण निश्चित छ, भोकाहरूको निम्ति रोटी र यो बेकार युद्धको समाप्ति निश्चित छ ।"

'देन' भन्ने मेन्शेभिकहरूको पत्रिकाले रातको हलचलबारे टुक्राटुक्रा समाचार छापेको थियो ।

टेलिफोन एक्सचेन्ज (टेलिफोन अड्डा), बाल्टिक स्टेसन (रेल स्टेसन) र रेडियो बोल्शेभिकहरूको कब्जामा; पिटरहोफका युङ्करहरू पेट्रोग्राद पुग्न असमर्थ; कज्जाकहरूको स्थिति अनिश्चित; केही मन्त्री पक्राउ; नगर रक्षक दलका अध्यक्षलाई गोली हानियो; पक्राउको बदला पक्राउ; विरोधी सेनाको पहरा, युङ्करहरू र लालरक्षकहरूको माझमा गोली हानाहान ।' ती सबै समाचारले अस्थायी सरकार हारिरहेको र बोल्शेभिकहरूको हात माथि परेको थाहा हुन्थ्यो ।

अस्थायी सरकारका प्रधानमन्त्री करेन्स्की सबैरै ४ बजेदेखि बिहान उज्यालो नहुँदासम्म पेट्रोग्राद सेनाको मुख्यालयमै थिए । त्यहाँ उनले सैनिक तालिम स्कूलका युङ्करहरू र क्रूर सम्झिएका कज्जाक सिपाहीहरूलाई एकपछि अर्को आदेश दिई बोल्शेभिकहरूले कब्जा गरिसकेका तार, टेलिफोन र अन्य ठाउँ फेरि कब्जा गर्न कोसिस गरे । गोली हानाहान भयो तर कब्जा गर्न सकेन । दिनभर स्थिति त्यस्तै गोली हानाहानको थियो । बिस्तारै अँध्यारो भयो ।

अस्थायी सरकारका मन्त्रीहरू शीतल दरबारमा बैठक बस्दै थिए । शीतल दरबार पहिले जारको दरबार थियो । शीतल दरबार साह्रै राम्रो थियो । सुन र काँसमा ढालिएका मूर्तिहरूले कोठाहरू सजाएका थिए । भुइँमा पूर्वका देशहरूमा बुनेका राम्रारामा गलैंचा ओछ्याइएको थियो । भित्ताहरू अनेक रामारामा लुगाले सिङ्गारिएका चित्रले सजाएका थिए । काँचका विभिन्न बत्तीले बैठक जग्मगाएको थियो । त्यहाँ दराज रक्सी र अत्तरका सिसीले भरिएका थिए । छोटोमा संसारमा जाने-सुनेसम्मका सबै रामारामा सामान त्यहाँ सजाइएको थियो । तर, शीतल दरबारको बाहिर अँध्यारो थियो । पालो-पहराको पूरा प्रबन्ध थियो ।

उता स्मोल्नी बोल्शेभिकहरूको केन्द्र थियो । त्यहाँ पनि लालरक्षकहरूको राम्रो पालो पहरा थियो । त्यहाँ देशका विभिन्न ठाउँबाट आएका प्रतिनिधि, मजदुर, किसान र सिपाहीहरूको हुल बढ्दै थियो । आवतजावत भइरहेको थियो । युद्धको मोर्चा, कालापानी, जेल र साइबेरियाबाट प्रतिनिधिहरू पुग्दै थिए । धेरै वर्षसम्म भेट नभएका, सम्पर्क छुटिसकेका साथीहरू एक अर्कालाई चिनेर खुसीले कराउँदै थिए; एक आपसमा अँगालो हाल्दै, कुराकानी गर्दै थिए र आ-आफ्नो बैठकमा छलफल गर्न जाँदै थिए ।

त्यहीं ठाउँमा राष्ट्रिय प्रतिनिधिसभा अर्थात् सोभियतहरूको दोस्रो महाधिवेशन हुँदै थियो । पहरा बसेका सिपाहीहरूको हातहतियारको घनघन, सिमेन्टमा मेसिनगन र तोपको घिसाइको घरघर, क्रान्तिकारी गीत र लेनिनलाई जनताले गरेको स्वागतको तालीले स्मोल्नी साँच्चै उत्साह र जोशले जाज्वल्यमान थियो । टाढैबाट त्यहाँको उज्यालो देखिन्थ्यो । बाटो हिँड्ने मजदुरहरू आफ्नो आशाको केन्द्रको रूपमा त्यसलाई हेर्दै जान्थे ।



अस्थायी सरकारको केन्द्र शीतल दरबार र युङ्कर सेना

साभार : अक्टोबर क्रान्ति र यसको महत्त्व



गाजापट्टीस्थित मध्य गाजामा इजरायली हवाई बम आक्रमणपछि पीडितहरूको उद्धारमा जुट्दै स्थानीय प्यालेस्टिनी जनता नोभेम्बर ११, २०२६ को दिन ।
तस्बिर : एएफपी

जासुसी विवादपछि एनभिडियाका प्रमुखको राजीनामा

सान फ्रान्सिस्को, १३ नोभेम्बर (एएफपी) । चिनियाँ जासुसीसँग जोडिएको आरोप र दुई महिलासँगको विवाहेतर सम्बन्ध सार्वजनिक भएपछि एनभिडियाका प्रमुख कार्यकारी अधिकृत जेन्सेन हुआङले राजीनामा दिनुभएको छ । उहाँको राजीनामासँगै कम्पनीमा ३३ वर्ष लामो नेतृत्वको अन्त्य भएको छ । यस घटनाले विश्वकै अग्रणी कृत्रिम बौद्धिकता (एआई) प्रविधि कम्पनी एनभिडियाको भविष्य र अमेरिकी प्रविधि उद्योगमा अनिश्चितता थपेको छ ।

राजीनामाको खबर सार्वजनिक भएपछि एनभिडियाको सेयर मूल्य सुरुमा १३ प्रतिशतसम्म घटेको थियो । कम्पनीको बजार पुँजीकरणमा करिब ४५ खर्ब अमेरिकी डलर बराबरको गिरावट आएको विवरण सार्वजनिक भएको छ । ६३ वर्षीय हुआङले प्रमुख कार्यकारीसँगै सञ्चालक समितिको सदस्य पदसमेत छाड्नुभएको छ । प्रमुख वित्तीय अधिकारी कोलेट क्रेसले अन्तरिम प्रमुख कार्यकारीको जिम्मेवारी सम्हाल्नुहुने भएको छ ।

सन् २०२२ मा च्याटजीपीटी सार्वजनिक भएपछि तीव्र विस्तार भएको कृत्रिम बौद्धिकता (एआई) उद्योगमा हुआङ प्रमुख व्यक्तित्वका रूपमा स्थापित हुनुभएको थियो । भिडियो गेमका लागि ग्राफिक्स बनाउने प्रोसेसर उत्पादनबाट सुरु भएको एनभिडिया एआई मोडेल निर्माणका लागि आवश्यक चिपको प्रमुख आपूर्तिकर्ता बनेको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका अनौपचारिक सल्लाहकारसमेत रहनुभएका हुआङले चीनमा उन्नत एआई चिप बिक्रीमा लगाइएको प्रतिबन्धको विरोध गर्दै आउनुभएको थियो ।

विवादका बिच राष्ट्रपति ट्रम्पले एप्पलका पूर्वप्रमुख टिम कुकलाई एनभिडियाको नेतृत्वका लागि उपयुक्त उम्मेदवार बताउनुभएको छ । उता, सञ्चालक समितिले सिनोप्सिसका पूर्वप्रमुख हार्वी जोन्सलाई अध्यक्ष नियुक्त गरेको छ ।

हुआङले सिङ्गापुरस्थित डाटा सेन्टर कम्पनी मेगास्पिडकी पूर्वकार्यकारी एलिस हुआङसँग सम्बन्ध रहेको स्वीकार गर्नुभएको थियो । अमेरिकी गुप्तचर निकायले एलिस चीनको राज्य सुरक्षा मन्त्रालयसँग सम्बन्धित व्यक्ति भएको आरोप लगाए पनि चीनले त्यसलाई अस्वीकार गरेको छ । सिङ्गापुरले भने मेगास्पिडसम्बन्धी अनुसन्धानमा गलत जानकारी दिएको भन्दै एलिसलाई गत फेब्रुअरीमा पुनः देश प्रवेशमा प्रतिबन्ध लगाएको जनाएको छ । तर, उहाँमाथि जासुसीको अनुसन्धान नगरिएको स्पष्ट पारेको छ ।

यसैबिच, 'द न्युयोर्क टाइम्स' ले एनभिडियाकी उपाध्यक्ष किम्बर्ली पावेलसँग पनि हुआङको अर्को सम्बन्ध रहेको दाबी गरेको छ । सञ्चालक समितिले हुआङ विदेशी गुप्तचर निकायको निशानामा परेको हुन सक्ने विषयमा अनुसन्धानसमेत सुरु गरेको थियो ।

अमेरिका र चीनबिच अत्याधुनिक प्रविधिमा वर्चस्व कायम गर्ने प्रतिस्पर्धा चलिरहेका बेला यो विवाद सार्वजनिक भएको हो । अमेरिकी सांसदहरूले हुआङ र चिनियाँ गुप्तचर निकायबिचको सम्भावित सम्बन्धबारे ट्रम्प प्रशासनसँग स्पष्टीकरण मागेका छन् । मेगास्पिडमार्फत प्रतिबन्धित एनभिडिया प्रविधि चीन पठाइएको हुन सक्ने आशङ्कासमेत उठेको छ । सिङ्गापुरले यस विषयमा अमेरिकी न्याय मन्त्रालय र एफबीआईसँग पटकपटक जानकारी माग्दा सीमित सहयोगमात्र प्राप्त भएको जनाएको छ ।

ताकाइची एपेक सम्मेलनमा सहभागी हुन चीन जाने

टोकियो, १३ नोभेम्बर (एएफपी) । जापानकी प्रधानमन्त्री साने ताकाइची आगामी हप्ता चीन र फिलिपिन्सको भ्रमणमा जानुहुने भएको छ । प्रधानमन्त्री बनेपछि उहाँको यो पहिलो चीन भ्रमण हुनेछ । भ्रमणका क्रममा क्षेत्रीय आर्थिक सहकार्य, व्यापार तथा चीनसँगको सम्बन्धका विषयमा छलफल हुने अपेक्षा गरिएको छ ।

उपमुख्य मन्त्रिपरिषद् सचिव मसानाओ ओजाकीका अनुसार ताकाइचीले नोभेम्बर १६ देखि १९ सम्म दुई देशको भ्रमण गरी दक्षिणपूर्वी एसियाली राष्ट्र सङ्घ (आसियान) सम्बन्धी बैठक र एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनमा भाग लिनुहुनेछ ।

एपेक सम्मेलनमा व्यापार, लगानी, क्षेत्रीय आर्थिक एकीकरण, ऊर्जा सुरक्षा र डिजिटल अर्थतन्त्रका विषयमा जापानको धारणा प्रस्तुत गरिने ओजाकीले बताउनुभएको छ । सम्मेलनका क्रममा चिनियाँ राष्ट्रपति सी चीनपिङसँग भेट हुने सम्भावना रहे पनि औपचारिक द्विपक्षीय बैठक हुने सम्भावना कम रहेको विश्लेषकहरूको भनाइ छ ।

गत महिना ताकाइचीले चीनलाई महत्त्वपूर्ण छिमेकी बताउँदै स्थिर र सकारात्मक सम्बन्ध निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । यसअघि ताइवानसम्बन्धी उहाँको अभिव्यक्तिपछि चीनले जापान भ्रमणबारे आफ्ना नागरिकलाई सावधानी अपनाउन आग्रह गरेको थियो ।

चीन भ्रमणअघि ताकाइची फिलिपिन्सको राजधानी मनिलामा हुने आसियान बैठकमा सहभागी हुनुहुनेछ । सोही अवसरमा जापान, अमेरिका, भारत र अस्ट्रेलिया सम्मिलित क्वाड बैठक पनि आयोजना हुने ओजाकीले जानकारी दिनुभएको छ ।

भ्यान होलेनद्वारा शुमरलाई नेतृत्वमा चुनौती

वासिङ्टन, १३ नोभेम्बर (एएफपी) । अमेरिकी सिनेटमा डेमोक्रेटिक दलको नेतृत्व परिवर्तनको माग चर्किरहेका बेला सिनेटर क्रिस भ्यान होलेनले बहुमत नेताको पदका लागि वर्तमान नेता चक शुमरलाई चुनौती दिने घोषणा गर्नुभएको छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पको रिपब्लिकन पार्टीलाई पराजित गर्दै डेमोक्रेटहरूले कङ्ग्रेसका दुवै सदनको नियन्त्रण पुनः प्राप्त गरेको केही दिनमै भ्यान होलेनको घोषणाले पार्टीभित्र नेतृत्वको प्रतिस्पर्धा थप चर्काएको छ ।

६७ वर्षीय भ्यान होलेनले बिहीबार सामाजिक सञ्जाल एक्समा श्रमिकविरुद्ध धाँधली गरिएको र राजनीतिक भ्रष्टाचारले अर्थतन्त्र प्रभावित भएको भन्दै अमेरिकी जनताले त्यसमा हस्तक्षेप गर्न आफूहरूलाई जनादेश दिएको उल्लेख गर्नुभएको छ । त्यसका लागि नयाँ नेतृत्व आवश्यक रहेको भन्दै उहाँले सिनेट बहुमत नेताको पदमा उम्मेदवारी दिने बताउनुभएको हो ।

७५ वर्षीय शुमरले नोभेम्बर ३ को निर्वाचनपछि सिनेटमा आफ्नो दलको नियन्त्रण पुनः स्थापित भए पनि नेतृत्वबाट हट्नुपर्ने दबाब सामना गर्दै आउनुभएको छ । तर, उहाँलाई औपचारिक रूपमा चुनौती दिने भ्यान होलेन पहिलो सिनेटर हुनुहुन्छ ।

भ्यान होलेनलाई डेमोक्रेटिक दलका केही प्रगतिशील नेताहरूको समर्थन छ । डेमोक्रेटसँग सहकार्य गर्ने वामपन्थी स्वतन्त्र सिनेटर बर्नी स्यान्डर्सले यसै साता शुमरलाई नेतृत्वमा निरन्तरता दिन आफूले समर्थन नगर्ने बताउनुभएको थियो । मिशिगनका नवनिर्वाचित सिनेटर अब्दुल एल-सायेदले पनि एक्समार्फत भ्यान होलेनलाई समर्थन गर्नुभएको छ ।

शुमरले भने पार्टीको भविष्यबारे छलफललाई स्वागत गर्नुभएको छ । यद्यपि, डेमोक्रेटिक नेताका रूपमा निरन्तरता पाउन आफूलाई आवश्यक मत रहेको उहाँको दाबी छ । नयाँ डेमोक्रेटिक बहुमतको नेतृत्व गर्दै अमेरिकी जनताका लागि काम गर्न आफू तत्पर रहेको उहाँले एक्समा उल्लेख गर्नुभएको छ ।

विश्व सङ्क्षेप

युक्रेन वार्तामा युरोपलाई सहभागी गराइने

डब्लिन, १३ नोभेम्बर (एएफपी) । रुससँग युद्ध अन्त्य गर्ने विषयमा हुने आगामी वार्तामा युरोपेली प्रतिनिधिहरूलाई सहभागी गराउन अमेरिका र युक्रेन सहमत भएका छन् । तर, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनको भूभागसम्बन्धी अडान नछाड्ने र विदेशी शान्ति सेना तैनाथ गर्न नदिने बताएपछि शान्ति सम्झौताको सम्भावना अझै अनिश्चित देखिएको छ ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्की र अमेरिकी विशेष दूत जारेड कुशनरले बिहीबार डब्लिनमा युरोपको सहभागिता सुनिश्चित हुने बताएका छन् । यसअघि कुशनर र अर्का अमेरिकी दूत स्टिभ विटकफले मस्कोमा पुटिनसँग चार घण्टा छलफल गरेका थिए ।

पुटिनले युक्रेनमा विदेशी शान्ति सेना तैनाथ गर्ने प्रस्ताव अस्वीकार गर्दै त्यसलाई युद्ध जारी राख्ने प्रयासका रूपमा लिने बताउनुभएको छ । रुसले डोनेट्स्क, खेरसन, लुगान्स्क र जापोरिझियालाई आफ्नो भूभागमा गाभेको घोषणा गरे पनि ती क्षेत्रमा पूर्ण नियन्त्रण कायम गर्न सकेको छैन । युक्रेन र पश्चिमा मुलुकले उक्त विलयलाई अवैध ठहर गर्दै आएका छन् ।

यसैबिच, रुसले युरोपको सुरक्षा संरचनामै पुनर्विचार गर्नुपर्ने माग अघि सारेको छ । युरोपेली सङ्घ (इयु) का अध्यक्ष एन्टोनियो कोस्टाले भने सुरक्षा व्यवस्था पुनः निर्माण गर्न आवश्यक नरहेको बताउनुभएको छ । फ्रान्सको समर्थनमा ३९ देशले युरोपेली सुरक्षासम्बन्धी निर्णयमा युरोपेली मुलुकको सहभागिता हुनुपर्नेमा जोड दिएका छन् ।

गिनीमा सुन खानी विवादमा १० जनाको मृत्यु

कोनाक्री, १३ नोभेम्बर (एएफपी) । अवैध सुन खानीमा प्रतिबन्ध लगाउने सरकारी निर्णयपछि उत्तरपूर्वी गिनीमा सुरक्षा बल र खानी मजदुरबिच भएको झडपमा पाँच विदेशी नागरिकसहित कम्तीमा १० जनाको मृत्यु भएको छ । घटनामा सुरक्षाकर्मीसहित १३ जना घाइते भएका छन् ।

सरकारका अनुसार खनिज सम्पदाले धनी सिगुइरी जिल्लामा बुधबार झडप भएको हो । नोभेम्बर २ देखि प्रतिबन्ध लागू गर्न गस्तीमा खटिएका सुरक्षाकर्मीलाई प्रदर्शनकारीले अवरोध गरेपछि झडप भएको सरकारी विज्ञप्तिमा उल्लेख छ । घटनाबारे अनुसन्धान गर्न सरकारले सार्वजनिक अभियोजकलाई जिम्मेवारी दिएको छ ।

प्रतिबन्धपछि सुरक्षा बलले सुन खानीमा काम गर्न आएका दसौँ हजार विदेशी नागरिकलाई क्षेत्रबाट निष्कासन गरेको छ । झडपपछि प्रभावित क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको र मानिसहरू त्यहाँ जान डराएको स्थानीयले बताएका छन् । प्रत्यक्षदर्शीले घटनास्थलमा शव देखिएको र पसलहरूमा तोडफोड भएको बताएका छन् ।

झडपमा घाइते भएका एक स्थानीयका बुबाले सुरक्षा बलको कडा उपस्थितिका कारण उपचारका लागि सहयोग पाउन नसकेको जनाइएको छ । कारबाहीपछि छिमेकी मुलुक मालीतर्फ पनि ठुलो सङ्ख्यामा मानिस पुगेका छन् । माली सरकारले गिनीबाट करिब एक लाख ६० हजार मानिस निष्कासित भएको जनाउँदै त्यसबाट उत्पन्न मानवीय सङ्कटप्रति चिन्ता व्यक्त गरेको थियो ।

मिठाइ ठानेर बम खाँदा भारतीय युवकको मृत्यु

नयाँदिल्ली, १३ नोभेम्बर (एएफपी) । परम्परागत भारतीय मिठाईजस्तो देखिने बारुद भरिएको पिठोको डल्लो मुखमा विस्फोट हुँदा मध्यप्रदेशमा एक युवकको मृत्यु भएको छ । प्रहरीले शुक्रबार दिएको जानकारीअनुसार ३५ वर्षीय राजेन्द्र बरौतियाको उपचारका क्रममा मृत्यु भएको हो ।

घटना मङ्गलबार डिन्डोरी जिल्लामा भएको थियो । आगो ताप्न भेला भएका बेला एक गाउँलेले ल्याएको 'मिठाई' अर्का व्यक्तिले बरौतियालाई दिएका थिए । मुखमा राखेलगत्तै उक्त वस्तु विस्फोट भएको प्रहरी अधिकारी रेखा सिंहले बताउनुभएको छ ।

स्थानीय केही समुदायले जङ्गली सुँगुर मार्न पटाका वा खानीबाट प्राप्त बारुद पिठोका डल्लामा भरेर घरेलु बम बनाउने गरेका छन् । ती डल्ला चिनीको सिरपमा भिजाइने लोकप्रिय भारतीय मिठाई 'रसगुल्ला' जस्तै देखिने भएकाले झुक्किने सम्भावना हुन्छ ।

गम्भीर घाइते बरौतियालाई अस्पताल लगिए पनि बचाउन नसकिएको प्रहरीले जनाएको छ । घटनामा संलग्न रहेको आरोपमा दुई जनालाई पक्राउ गरी लापरबाहीका कारण ज्यान गएको अभियोग लगाइएको छ ।

घटना नियोजित हत्या थियो वा कसैले गरेको मजाकका क्रममा भएको दुर्घटना भन्ने विषय अनुसन्धान भइरहेको प्रहरी अधिकारी सिंहले बताउनुभएको छ ।

कारिन्दाको मृत्यु



✍ आन्तोन पाभ्लोभिच चेखभ

एक रमाइलो साँझमा, एक जना रमाइला व्यक्ति, एक्जेक्युटर (क्लर्क) इभान दिमित्रिभिच छिर्ब्याकभ, नाट्यशालाको दोस्रो लहरमा बसेर, दूरबीनद्वारा (Carnival Bells) ओपेरा हेर्दै थिए। ओपेरा हेर्दै उनी सुखानुभूति गरिरहेका थिए।

तर अचानक ..... कथाहरूमा यो 'अचानक' शब्द बारम्बार देखा पर्छ। लेखकहरूले पनि ठिक्कै गरेका हुन् : हाम्रो जीवन नै आकस्मिकताले भरेको हुन्छ। अचानक उनको अनुहार चाउरियो, आँखा फराकिलो भयो, सास रोकियो, आँखाबाट दूरबिन हटायो, घोप्टो पर्दै .... हाच्छिउँ ..... उनले हाच्छिउँ गरे। हाच्छिउँ गर्न कसैलाई, कतै पनि बन्देज छैन।

हाच्छिउँ त सबैले गर्छन् - साधारण किसान, पुलिसका अफिसर र उपल्ला दर्जाहरूले पनि। छिर्ब्याकभलाई यसमा अप्ठ्यारो मान्नुपर्ने केही थिएन। हाते रुमालले पुछपाछ गरे र शिष्टाचार तवरले आफू वरिपरि नजर डुलाए : कतै उनको हाच्छिउँले कसैलाई केही असर त गरेन ? नभन्दै अप्ठ्यारो परिस्थितिको सिर्जना भएछ। उनको ठीक अगाडि, पहिलो लहरमा बसेका एक जना वृद्ध, आफ्नो चिन्डे टाउको, पञ्जाले लगातार पुछ्दै थिए र केही बडबडाउँदै थिए। त्यो वृद्ध व्यक्ति त सञ्चार विभागमा कार्यरत जनरल ब्रिज्झालभ भएको छिर्ब्याकभले थाहा पाए।

"मैले उनीमाथि हाच्छिउँ गरेछु !" - छिर्ब्याकभले सोचे - "मेरो हाकिम होइन क्यार, तैपनि राम्रो भएन ! मैले माफी माग्नु पर्छ।"

छिर्ब्याकभले घाँटी सफा गऱ्यो, अगाडिको सीटमाथि झुक्दै, जस्साबको कानमा कानेखुसी गर्दै भने, "माफी बक्स्योस् महामहिम, मैले हजुरमाथि हाच्छिउँ गरेँ ...," अचानक यस्तो हुन गयो।

"केही छैन, केही छैन !"

"भगवान्को नाममा ... माफी बक्स्योस् ! मैले जानीजानी गरेको होइन !"

"ओहो, कृपया बस्नुस्, मलाई सुन्न दिनुहोस्।"

छिर्ब्याकभलाई लाज भो, खिस्रिक्क पऱ्यो र मञ्चतिर हेर्न थाल्यो। तर, अब पहिलेको जस्तो सुखानुभूति थिएन। चिन्ताले सताउन थाल्यो। मध्यान्तरमा ब्रिज्झालभ भएकातिर गए, उनको छेउछाउमा मडारिँदै, आफ्नो कायरपनलाई काबुमा राख्दै बडबडाए :- मैले हजुरमाथि हाच्छिउँ गरेँ, महामहिम, माफी बक्सियोस्, मैले जानीजानी ...!

"भयो, भयो ! मैले त बिर्सी पनि सकेँ, तपाईं घरीघरी त्यही कुरा.. "तल्लो ओठ चलाउँदै अधैर्य भएर जस्साबले भने।

जनरललाई शङ्काले हेर्दै, छिर्ब्याकभले सोच्यो : बिर्सें त भन्छ, तर आँखामा द्वेष देख्छु। अनि कुरा गर्न चाहँदैन। मैले यो कुरा उनलाई कसरी सम्झाउने कि मैले यस्तो चाहेको होइन... । हाच्छिउँ आउनु प्राकृतिक कुरो हो, मैले उनीमाथि थुक्नु खोजेको हो भन्ठान्ने पो हुन् कि, अहिले त्यस्तो नठान्ला, तर पछि ठान्ने हुन् कि ...!

घर आएर, आफ्नो अज्ञानताबारे, छिर्ब्याकभले श्रीमतीलाई भन्यो। श्रीमतीले यस घटनालाई हल्का रूपमा लिइन् तर डराइन्, ब्रिज्झालभ उसको हाकिम नभएको जब थाहा पाइन्, शान्त रहिन्।

"जे भए पनि तिमी गएर माफी माग।" श्रीमतीले भनिन्, "सार्वजनिक स्थलमा तिमीलाई व्यवहार गर्न आउँदैन रहेछ भन्ठान्ने पो हुन् कि ?"

"त्यही त भन्या ! मैले माफी मागेँ, तर उनको रवैया अचम्मको थियो। आश्वस्त हुने कुनै शब्दै भनेनन्। कुराकानी गर्ने अवसर पनि त थिएन।

दोस्रो दिन छिर्ब्याकभले केश काट्यो, औपचारिक पोशाक लगायो र स्पष्टीकरण दिन ब्रिज्झालभकहाँ गयो। प्रतीक्षालय बैठकमा पस्दै गर्दा उनले थुप्रै याचनाकर्ताहरूलाई देख्यो। जस्साब आफै पनि त्यहाँ थिए र आगन्तुकहरूको याचना सुनुवाइ हुँदै थियो। याचनाकर्ताहरूसितको निकै बेरसम्मको सवाल जवाफपश्चात् जनरलले छिर्ब्याकभतिर आँखा उठाएर हेरे।

"हिजो नाट्यशाला 'अर्काडी' मा , हजुरलाई याद छ कि छैन, महामहिम !" स्पष्टीकरण दिन सुरु गऱ्यो छिर्ब्याकभले, "मैले हाच्छिउँ गर्दा, त्यसको छिटा हजुरमाथि पर्न गयो.... माफी..."

"यो के बकवास हो... भगवान् जानोस् ! अनि तपाईंको लागि म के गर्न सक्छु" भन्दै जस्साब अर्को याचनाकर्तातर्फ मोडिए।

"कुरा गर्न चाहँदैनन् !" छिर्ब्याकभले सोच्यो - "रिसाइबक्सेको हुनुपर्छ। होइन, यो कुरालाई यतिकै छोड्नुहुन्न। म उनलाई बुझाएरै छाड्छु।"

अन्तिम याचनाकर्तासित कुराकानी सिद्धिएपछि जब जस्साब भित्री खोपीमा जान लागेको बेला छिर्ब्याकभ उनी पछि लाग्दै बडबडाए, "महामहिम ! हजुरलाई बित्थामा दुःख दिने दुस्साहस म गरौंला र ? आफ्नो मनभित्र भएको पश्चात्ताप जाहेर गर्ने हेतुले म यहाँ हाजिर भएको हुँ, नियतवश मैले यो गरेको होइन भन्ने कुरा हजुरलाई राम्ररी थाहा छ।"

अनुहार खुम्च्याउँदै जस्साबले हात झड्काऱ्यो।

"तपाईं मेरो हाँसी उडाइरहनु भएको छ, कृपालु !" दैलो ढप्काउँदै उनले भने।

"केको हाँसीमजाक ?" छिर्ब्याकभले सोच्यो - "यसमा हाँसीमजाक छँदै छैन, जस्साब भइकन पनि यति कुरा बुझेन। यदि यस्तै हो भने यो घमण्डीका सामु माफ माग्न म फेरि आउन्न। भाँडमा जाओस् उ ! अब यत्रो पनि आउँदिन यहाँ, एउटा पत्र पठाइदिन्छु। भगवान् कसम, आउँदिन !"

घर फिर्दै गर्दा छिर्ब्याकभ यस्तो सोच्दै थिए। जस्साबलाई उसले पत्र पठाएन। धेरै सोच्यो, बिचाऱ्यो, तर कस्तो पत्र लेख्ने भन्ने कुरा नै ठम्याउन सकेन। अर्को दिन फेरि स्पष्टीकरण दिन आफैं गए।

"हिजो म हजुरलाई बिन्ती बिसाउन आएको थिएँ।" ऊ बडबडायो, जस्साबको सवालयुक्त आँखालाई नियाल्दै उसले भन्न थाल्यो, "हजुरले मर्जी भएको जस्तो, हजुरमाथि हाँसीमजाक गर्न म यहाँ आएको थिइनँ। मेरो हाच्छिउँको छिटा हजुरमाथि परेकोमा माफी माग्न आएको थिएँ। हाँसीमजाक त मैले सोचेको पनि थिइनँ। हाँसीमजाक गर्ने साहस गर्नसक्छु र ? हामीले हजुरहरूमाथि हाँसीमजाक गर्नु भनेको, हजुरहरूको अनादर गर्नु हो..."

"यहाँबाट निस्केर गइहाल !!" रिसले काँप्दै राँकिएर जस्साब चिच्याए।

"के मर्जी भयो ... ?" त्रसित हुँदै कानेखुसी भाषामा छिर्ब्याकभ बकबकाए।

"यहाँबाट निस्केर गइहाल् !!" खुट्टा बजार्दै जनरलले दोहोऱ्याए।

पेटभित्र कुनै चीज चुँडेको अनुभूत गऱ्यो छिर्ब्याकभले। उसले केही देखेन, केही सुनेन, बिस्तारै पाइला चाल्दै दैलो बाहिर निस्की सडकमा पुगे। यन्त्रवत हिँडेर, घर पुगी, लुगा पनि नखोली सोफामा लम्पसार पऱ्यो र मऱ्यो।

- न्युयोर्क

(यो कथा सन् १८८३ मा लेखिएको हो र त्यतिबेलाको सामाजिक चित्रण गरिएको छ)

कविता

प्रतिकार नगर कसले भन्यो ?

✍ प्रीति

तिमी,
लिच्छवीकालीन 'दण्डनायक'
२००७ सालयता उल्लेखनीय विकास
२०१२ सालपछि प्रहरी ऐनसँगै
औपचारिक स्थापना भएका हौ
'समुदायमा प्रहरी'
'प्रहरी मेरो साथी'
शान्ति विथोलिन नदिने,
निषेधित कार्य रोक्ने
सुन्दर उपमा र जिम्मेवारी तिम्रो हो।

तर,
गत वर्ष भदौ २३ गते
तिमी कहाँ चुक्यौ ?
प्रदर्शन,
निषेधित क्षेत्रमा कसरी पार भयो ?
७६ जना निहत्थाको ज्यान कसरी गयो ?
'के अनावश्यक बल प्रयोग भएको थियो ?'
भोलिपल्ट भदौ २४ गते
तिमीलाई,
'प्रतिकार नगर' कसले भन्यो ?
सङ्घीय ससद् भवन, सिँहदरबार,
सर्वोच्च अदालत, शीतल निवास,
बालुवाटार कसरी जलाइए ?

प्रहरी परिसर, वृत्त, चौकी
तोडफोड र आगजनी कसरी भए ?
१३४२ थान हतियार कसरी खोसिए ?
तीन प्रहरीको मृत्यु कसरी भयो ?
थप २०६८ प्रहरी घाइते कसरी भए ?
यी सबै तिमी
टुलुटुलु हेरेर बस्यौ किन ?

देश जलाइएको बेला
नेपाल प्रहरी, सशस्त्र प्रहरी, सेनाबिच
समन्वय भएन कसरी ?
के 'नेपाली सेनाको सहयोग माग गर्न सक्ने'
कोटमा सिउरेको फूलजस्तै हो ?
होइन भने आज तिमी,
राष्ट्रिय सुरक्षा परिषद्मा राखिएन
तालिम पुगेन, हतियार कम भयो
सहरकेन्द्रित बसाइँसराइ बढ्यो
आदि विलौना गर्दैछौ किन ?

तिमीले स्पष्ट भन्नू,
"राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको
अर्बौं अर्ब डलरको भाग खानेहरू
पेट्रोल बम फाल्दै आए,
विदेशीको आदेश तामेल गर्न
सामाजिक सञ्जाल कब्जा गर्नेहरू आए
तोडफोड र आगजनीमा लागे।"

(२०८३ कार्तिक २७ गते)

मायाजालको सिंहासन

✍ सत्य सुवाल

हिमालको शिरमा स्वाभिमान, फेदीमा निराशाको छाया
सिंहदरबारका झ्यालबाट झर्छन् आश्वासनका माया।
सिद्धान्तका झन्डा हावासँगै दिशादिशा फेरिन्छन्
हिजोका विपरीत किनाराहरू आज एउटै डुङ्गामा भेटिन्छन्।

घोषणाका आकाशमा समृद्धिका इन्द्रेणी फुल्छन्
तर, जनताका चुल्हामा अभावका धुवाँ उडिरहन्छन्।
किसानको खेतमा पसिना, युवाको आँखामा परदेश
न्यायको ढोकामा प्रतीक्षा, बजारमा बिक्छ स्वदेश।

कुर्सी काठको आसन होइन, मोहको चक्रव्युह बनेको छ
जनताको काँध टेक्दै स्वार्थले शिखर चढेको छ।
आफ्नै हातमा हिलो बोकी अरूलाई ऐना देखाउँछन्
नदी धमिल्याउनेहरू नै शुद्धताको गीत गाउँछन्।

तर समयको ऐनामा मुकुट सधैँ चम्किँदैन
ताली बजाउने भीड सधैँ एउटै गीत गाउँदैन।
न सिंहासन साथ जान्छ, न सुनको महल र धन
साथ जाने त आफ्नै कर्म र जनमनमा छोडेको चिह्न।

कुर्सीभन्दा ठुलो कर्तव्य हुन्छ, सत्ताभन्दा ठुलो सत्य हुन्छ
अहङ्कारभन्दा ठुलो समय हुन्छ, मानिसभन्दा ठुलो कुनै पद हुँदैन।
मृत्यु शाश्वत सत्य हो, संसार क्षणिक मेला
मानवता जोगाएर बाँचौं, बाँकी सबै मायाजालको खेला।

कहाँ हुन्छ र भन्दैमा

✍ जयन्त पौडेल 'आश्रम'

हरे ! शिव होइन भन्या
के भएका सरकारैहरू
कसरी भन्छन् एक थोक
अनि गर्छन् अर्को ।१।

कस्तो किन भनाइ गराइमै ?
देखिनु देखिन्छ फरकै
बराबरीको त कुरा छाडिदिऔं
पानीसम्मै छोइने ।२।

होइन के देशैका लागि त ?
सबै नागरिक समानै
हुनुपर्ने होइन भन्या
र पनि विभेदै किन ? ।३।

त्यहाँ सरकारैहरू पुग्या खोइ
फेरि पुग्छ कहिले ?
यही भएको छ प्रश्नवाचकै
यस्तो बुझ्या खोइ ? ।४।

लौन उनीहरूको अधिकारै खोइ ?
अझैसम्म पुग्या
जबकि छ रगतै रातो
तैपनि, त्यो देखिएन ।५।

त्यसैले, नेपाली नै हुन् भने
संविधानै अनुसारको त्यो
छुवाछुतको अन्त्य आजै गरौं
कहाँ हुन्छ र भन्दैमा ।६।

लघु कथा

वर्गसङ्घर्ष

✍ सिम्रिक

सहकालका देवता रातो मछिन्द्रनाथको रथ ललितपुरको लगनखेलबाट तान्दै जावलाखेलतिर ल्याइँदै थियो। ललितपुरका साथी सञ्जय महर्जनले भोटो जात्रा हेर्न काठमाडौंका एउटै कलेजमा पढ्ने साथी सुमन डङ्गोललाई बोलाइएको थियो। उनीहरू दुबै बाजागाजासहितको जात्रालु ललितपुरवासीको अपार भिडमा उफ्रीउफ्री हात हल्लाएर हस्से, हाइँसे भन्दै रथ तान्नेलाई हौस्याउँदै थिए। त्यसै क्रममा काठमाडौंका साथी सुमनले दुखेसो पोख्दै ललितपुरका साथी सञ्जयलाई भने; "ओहो ! मान्छेको अपार भिड ! ललितपुरका जनताले मिलेर रथलाई सभ्य, भव्यरूपमा क्या मज्जाले सन्तुलन मिलाएर तान्न जानेका रहेछन् है ! त्यहीं भएर भन्ने गरेको होला- नेपाललाई विश्वमा चिनाउने भनेको यही कला र संस्कृतिले हो। यसलाई जोगाउने र सञ्चालन गर्ने विभिन्न जनजातिहरू हुन्। तर, उनीहरूमा राजनीतिक चेतना भएन। काठमाडौंको इन्द्र जात्रा र भक्तपुरको बिस्केट जात्रा हेर्नु त ! त्यो पनि त्यस्तै हो। त्यसो भनेर भजन, जात्रा, पर्व नमनाउनु भनेको होइन। पृथ्वीनारायण शाहले भारतको अङ्ग्रेजसँग हतियार लिएर काठमाडौंमा इन्द्रजात्राको दिन, भक्तपुरमा भजन कीर्तन गरिरहेको बेला आक्रमण गरेर उपत्यका जितेका थिए भनिन्छ। राजनीतिक चेतना नहुनुमा मात्र मेरो दुखेसो हो।"

साथी सुमनको दुखेसो सुनेपछि सम्झाउँदै उनलाई साथी सञ्जयले भने, "कुरा त्यसो होइन सुमन। जुनसुकै जनजातिको होस्; जात्रा, चाड पर्व, कला, संस्कृति भनेको देशका सम्पत्ति हुन्। त्यसको सञ्चालन संरक्षण गर्न सहयोग गर्नु सबैको कर्तव्य हो। सरकारमा जाने, बस्ने नै मुख्य होइन। मरिचमान श्रेष्ठ, जोगमेहर श्रेष्ठ, साहना प्रधान, प्रकाशमान सिंह, विराजभक्त श्रेष्ठलगायतका नेवारहरू शासक भएका छन्। हिमाल, पहाड, तराईका बहुसङ्ख्यक गरिब जनताको लागि केही काम गरेनन्। मुख्य कुरा विचार, सिद्धान्त र आचरण हो। वर्ग र वर्गसङ्घर्ष हो। नेवार भएर के गर्नु ? नेवार पनि त राजनीतिकरूपले सचेत हुनुपर्‍यो। त्यागी, निःस्वार्थी भएर देशभक्त राजनीतिमा आउनुपर्‍यो। बाहुन, क्षेत्री, नेवार, गुरुङ, साह, यादव आदि सबैभित्र वर्ग हुन्छ। त्यसभित्र शोसक थोरै, शोषित धेरै हुन्छन्। शोषितवर्गको पक्षमा सही देशभक्त दलको सही नेतृत्वमा राजनीतिक रूपले सचेत र सङ्गठित भएर समाजवादको निम्ति परिणाममुखी सङ्घर्ष गर्नु आवश्यक छ। सोभियत सङ्घ, क्युवा, उत्तर कोरियालगायतका देशमा त्यस्तै सङ्घर्ष भए।"

ए, त्यसो पो सञ्जय ? रथ त जाउलाखेलतिर लग्यो। भोटो जात्रा हेर्न त्यतैतिर जाऊँ भन्दै दुबै त्यतातिर गए।

हार्दिक धन्यवाद

४६औं नेपालभाषा साहित्य तःमुंज्या भव्य रूपमा सफल बनाउन सहयोग गर्नुहुने महानुभावहरू एवम् सम्पूर्ण सहयोगी सङ्घ संस्थाहरूमा **हार्दिक धन्यवाद** !

- ❖ प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छें
- ❖ पहिलो दिनको सभापति डेन्टल सर्जन डा. इभा कंशाकार
- ❖ दोस्रो दिनको सभापति न्हूज वापौका सम्पादक महन्त महर्जन
- ❖ अतिथि वक्ता एवम् साहित्यकारहरू
- ❖ सम्मानित हुनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरू

यस वर्षको स्वागत गीत

लेखक : जनकवि चन्द्रबहादुर उलक
सङ्गीत : राजेश हाडा
स्वर : रवि हाडा, लक्ष्मण पलिखेल, सुमन मानन्धर, दीपिका कुसी र निरूता गोरा

स्वागत नृत्यसहितको गीत

लेखक : सुरेन्द्रराज गोसाई
सङ्गीत : बद्रीनारायण ताम्राकार
स्वर : बद्रीनारायण ताम्राकार, सानुमाया ताम्राकारलगायत

❖ **यस वर्षको स्वागत नृत्यको कोरियोग्राफरद्वय रामेश्वरी किसी र कृशला मथ्याका साथै सबै कलाकारहरू**

प्रचारप्रसारको लागि सहयोग गर्नुहुने महानुभावहरू एवम् सङ्घ संस्थाहरूलाई धन्यवाद

- ❖ ग्वसाखल: कार्यालय सञ्चालनार्थ स्थान उपलब्ध गराउने केशरी साँयजू
- ❖ सामाजिक सञ्जालमा प्रचारप्रसार गरी सहयोग गर्नुहुने महानुभाव एवम् सङ्घ संस्थाहरू
- ❖ टेलिभिजनबाट प्रचारप्रसार गर्ने ख्वप टेलिभिजन, भादगाउँ टेलिभिजन, जनसञ्चार टेलिभिजनलगायत अन्य टेलिभिजन र संस्थागत सङ्घहरू
- ❖ पत्रपत्रिकाबाट प्रचारप्रसार गर्नुहुने सम्पादक, संवाददाता एवम् पत्रिकाहरू
- ❖ प्रतिवेदकको जिम्मेवारी निभाउनुहुने विद्यार्थीहरू
- ❖ चिया र खाजाको लागि स्थान उपलब्ध गराउने आशाकाजी त्वानाबासुसमेत
- ❖ वृहत् नृत्य प्रशिक्षणको व्यवस्थापनको लागि स्थान उपलब्ध गराउने आदर्श आजाद मावि र स्वागत नृत्य प्रशिक्षणको लागि स्थान उपलब्ध गराउनुहुने सानु त्वानाबासु
- ❖ ग्वसाखल: गठन र विभिन्न बैठक सञ्चालन गर्न स्थान उपलब्ध गराउने सिद्धि गणेश तालिम हल
- ❖ शौचालय उपलब्ध गर्नुहुने स्थानीय टोलबासी
- ❖ ठाउँठाउँमा स्वागत गेट निर्माण गरिदिने सम्पूर्ण सहकारी संस्था र टीमहरू
- ❖ स्वास्थ्य प्राथमिक उपचारमा सहयोग गर्ने ख्वप अस्पताल, स्वास्थ्य स्वयम्सेविका, महिला स्वयम्सेविका
- ❖ खानेपानी वितरण गर्नुहुने स्थानीय महिलाहरू
- ❖ प्राथमिक उपचारको लागि औषधि उपलब्ध गर्नुहुने जगाती मेडिकल पसल
- ❖ खानेपानी उपलब्ध गराउनुहुने सीताराम खाइतु र ७ वडा खानेपानी उपभोक्ता समिति

मञ्च व्यवस्थापनमा सहयोग गर्नुहुने

- ❖ मञ्चको पर्दा व्यवस्थापनको लागि सहयोग गर्नुहुने श्री विष्णु प्रजापति
- ❖ सोफा सेट उपलब्ध गराउनुहुने केदार कुसी (सनिस फर्निचर तथा फर्निसिङ सेन्टर, लिबाली)
- ❖ साइन उडेन इन्डष्ट्रिज
- ❖ बाल विकास इडलिस सेकेन्डरी स्कूल, ख्वप इन्जिनियरिङ कलेजलगायत सङ्घ संस्था
- ❖ बत्ती व्यवस्थापन गर्ने स्वयम्सेवकहरू
- ❖ मञ्चको थाम बनाउने स्वयम्सेवकहरू
- ❖ मञ्च सुपरभिजन ई.सत्यनारायण सिजख्व
- ❖ भक्तपुर नगरपालिकाका स्यानिटेशन शाखा
- ❖ नगर प्रहरी, भक्तपुर नगरपालिका
- ❖ जिल्ला प्रशासन कार्यालय भक्तपुर जिल्ला, काठमाडौँ जिल्ला र ललितपुर जिल्ला
- ❖ नोट कापी सौजन्य गर्नुहुने भक्तपुर कापी उद्योग, देकोचा, भक्तपुर

अतिथि सत्कार

- ❖ विशेष अतिथि र अतिथिहरूलाई खाजा व्यवस्थाका लागि सहयोग गर्नुहुने महिला स्वयम्सेविकाहरू
- ❖ हरिनारायण ग्वाछा, केशव कवां, कुमार ग्वाछालगायतका स्वयम्सेवकहरू
- ❖ दर्शकदीर्घालाई चिया/पानी, बिस्कुट व्यवस्थापन गर्ने स्वयम्सेवकहरू

आर्थिक सहयोग

- ❖ विद्यालय, कलेज, अस्पताल परिवार, सहकारी सङ्घ संस्था, किसान, मजदुर, विभिन्न जिल्ला एवं वडावासी, सर्वसाधारण र सहयोगीहरू
- ❖ होटल, इँटा उद्योग, कल कारखाना, हार्डवेयर, व्यापार व्यवसायीहरू

- ❖ मूल्याङ्कन समितिमा बसी मूल्याङ्कन गर्नुहुने निर्णायक, कलाकारहरू र साहित्यकारहरू
- ❖ उद्घोषण गरी सहयोग गर्नुहुने व्यक्तित्वहरू
- ❖ अतिथि, साहित्यकार, नाटक र नृत्यमा सहभागी कलाकारहरू
- ❖ उद्घाटन सत्रका स्वागत धुन बजाई सहयोग गर्नुहुने गोमारी गणेश बाँसुरी बाजा खल: र दोस्रो दिन स्वागत धुन बजाई सहयोग गर्नुहुने महेश्वरी बाँसुरी बाजा खल:
- ❖ काठमाडौँ उपत्यकामा प्रचार गर्न सहयोग गर्नुहुने साइकल कनेक्ट, लायकुमा बाँसुरी बाजाको धुनमा नृत्य प्रस्तुत गर्नुहुने कलाकारहरू, बाँसुरी बाजा समूहलगायत नृत्यमा सहभागी कलाकारहरू, सुकुन्दा च्यालीमा सहभागी र सहयोग गर्नुहुने सांस्कृतिक समूह र महिला दिदीबहिनी एवम् साथीहरू
- ❖ ग्वसाखल:मा बसेर प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण वडाबासी तथा दाजुभाइ, दिदीबहिनीहरू
- ❖ न्हूदँ ११४७ को उपलक्ष्यमा भिन्तुना च्यालीमा सहभागी सम्पूर्ण बाजा समूह, विद्यालय, सहकारी, खेलकुद समूह, भजन समूह, प्याखँ समूह, सङ्घ संस्थालगायत सबै सहभागी महानुभावहरू

पुरस्कारको लागि आफ्नो प्रकाशन, पुस्तकहरू उपलब्ध गर्नुहुने सङ्घ संस्था तथा महानुभावहरू

- ❖ भक्तपुर नगरपालिका
- ❖ नेपाल मजदुर किसान पार्टी कार्यालय
- ❖ पशुपतिमान प्रधान
- ❖ युवा कवि दामोदर सुवाल
- ❖ पुण्यराम कवां

पीखुकगु नेपालभाषा साहित्य तःमुंज्या व सांस्कृतिक ब्वज्याः

याता, गोमारी-७, ख्वप

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा